म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ९४ | बिहीबार २३ कात्तिक २०८० | ने. सं. ११४३ कौलागा | 9 November 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा देउसीभैलो प्रतियोगिता हुने

हेटौंडा, २२ कात्तिक/ नेपालको परम्परागत मौलिक संस्कृति देउसीभैलो संरक्षण र जगेर्ना गर्ने उद्देश्यका साथ हेटौंडा उपमहानगर पालिकाको २ नम्बर वडा कार्यालयले यसवर्ष देउसीभैलो प्रतियोगिता आयोजना गर्ने भएको छ ।

हेटौंडा-२, स्थित संगमचोकमा स्टेज निर्माण गरेर प्रतियोगितामा सहभागी समूहलाई प्रस्तुतिका लागि व्यवस्था मिलाइएको छ । २८ कात्तिक गोवर्द्धन पूजाको दिन देउसीभैलो आयोजना हुने २ नम्बर वडा अध्यक्ष विष्णुगोपाल महर्जनले जानकारी दिए । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीयलाई आकर्षक पुरस्कारको व्यवस्था रहेको उनले बताए ।

२४ गतेसम्म वडा कार्यालय र २५ गते जनप्रतिनिधि र कर्मचारीलाई सम्पर्क गरेर वडा कार्यालयमा टिम दर्ता गर्न सकिने जनाइएको छ । २ नम्बर वडाको संगमचोकमा यसवर्षदेखि तिहार बजार सुरु गरिएको छ । संगम चोक क्षेत्रमा आकर्षक बत्ति जडान गरेर रात्रीकालीन अवस्थालाई सौन्दर्य बनाएको वडाले देउसीभैलोलाई भव्य सांस्कृतिक कार्यक्रमको रुपमा अगाडि बढाउन लागेको वडा अध्यक्ष महर्जनले बताए ।

# भारतबाट फूल आयात नरोकिँदा किसान चिन्तत

निशा गुरुङ



हेटौंडा, २२ कात्तिक/ फूलैफूल र झिलिमिलिको चाडपर्व दिपावली (तिहार) नजिकिएसँगै हेटौंडा बजारमा सर्वसाधारणको चहलपहल बढेको छ ।

तिहार नजिकिएसँगै हेटौंडाको बजार क्षेत्रमा सयपत्री, मखमली फूल, थरीथरीका रंग र झिलिमिलि बिजुलीको बिक्री बढेको छ । तिहार अगाडिबाटै सर्वसाधारणहरुले घरलाई फूल र झिलिमिलिले सजावट गरेर मनमोहक बनाउने गर्दछन् । तिहारमा फूलको प्रयोग भने लक्ष्मीपूजा, गोवर्द्धन पूजा र प्रमुखतः भाइटीकाका दिन बढी हुने गरेको छ । हेटौंडा बजारमा भारतबाट आयातित सपयत्री र मखमली फूलसँगै प्लाष्टिकका कृतिम फूलहरु छपक्कै छ । यसले हेटौंडा उपमहानगरभित्र लाखौं लगानी गरेर व्यवसायिक खेती गरिरहेका किसानहरुलाई प्रत्यक्ष असर पुऱ्याउने निश्चित छ ।

व्यावसायिकरुपमा फूल खेती गर्ने किसानहरुको मुख्य बजार दशैं र तिहार चाडपर्व हो । तर, यही चाडपर्वको मुखमा भारतबाट प्राकृतिक र कृतिमजन्य प्लाष्टिकका फूल भित्रिएसँगै स्थानीय किसानहरु चिन्तित बनेका हुन् । कतिपय सहरहरुमा भारतीय फूलको आयातमा रोक लगाउँदासमेत हेटौंडा उपमहानगरमा भने यसबारे कुनै छलफल नै नभएको पाइएको छ । उपमहानगरले भारतीय फूल आयात रोकेर स्थानीय पुष्प व्यवसायीहरुको संरक्षण गर्नु प्रमुख दायित्व रहेको स्थानीय किसानहरु बताउँछन् ।

विगत ५ वर्षदेखि हेटौंडाका विभिन्न क्षेत्रमा व्यावसायिक फूल खेती हुँदै आएको छ । हेटौंडामा किसानले लगाएको सयपत्री फूल यतिबेला बारीमा ढकमक्क फूलेर बजार लैजान तयार भएका छन् । हेटौंडा उपमहानगरपालिकामा मात्रै २० देखि २५ जना किसाले व्यावसायिक फूल खेती गर्दै आएको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले जानकारी दिए । हेटौंडाका १६, १७ र १८ नम्बर वडाको हर्नामाडी, हटियामा, इन्द्रसरोबरको हुमानेभञ्ज्याङ, भीमफेदीको माथिल्लो क्षेत्र, थाहा नगर पालिका, मकवानपुरगढीको बुढीचौर लगायत चिसो क्षेत्रमा व्यावसायिक फूल खेती बढ्दै गइरहेको छ । हेटौंडा-६, १२, १३, १४ नम्बर वडालगायतका स्थानका २० बिगाहा क्षेत्रफलमा फूलखेती भइरहेको छ ।

तिहारका लागि फूल बजार ल्याउने तयारी भइरहँदा भारतबाट आयातित फूलको बारेमा उपमहानगरले चासो देखाउनुपर्ने किसानहरुले आवाज उठाउन थालेका छन् । देशका विभिन्न स्थानीय सरकारले तिहारका लागि प्लाष्टिकबाट बनेका माला बिक्री-वितरणमा धमाधम प्रतिबन्ध लगाइरहेको अवस्थामा हेटौंडा उपमहानगर भने मौन देखिन्छ । जसका कारण हेटौंडामा फूल खेती गरेका किसानहरुलाई समस्या परेको छ । हेटौंडा उपमहानगर पालिका वडा नम्बर-६ का कृषक बालकृष्ण चौलागाईंले विगतका वर्षदेखि नै व्यावसायिक फूलको खेती गर्दै आएको र भारतबाट आयातित फूलले समस्या बनाएको बताउँछन् ।

अन्य स्थानीय तहले प्लाष्टिकबाट बनेका माला बिक्री-वितरणमा प्रतिबन्ध लगाइरहँदा हेटौंडा उपमहानगरले भने किसानका बारेमा नसोचेको चौलागाईले आरोप लगाए । उनले भारतबाट आएका प्लाष्टिकका माला बिक्रि वितरणमा रोक नलगाउँदा आफूहरुलाई समस्या परेको सुनाए । 'स्थानीय सरकारलाई जनताको विषयमा कुनै चिन्ता छैन । उहाँहरु चुनावमा निर्वाचित भइसकेपछि पाँचवर्ष जोगिहाल्यो ।', उनले भने, 'देशका धेरै स्थानीय सरकारले प्लाष्टिकजन्य मालामा बिक्रि लगाउँदा हेटौंडा उपमहानगरलाई भने कुनै चिन्ता छैन ।',

विगत ५ वर्षदेखि फूल खेती गर्दै आएका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले स्थानीय सरकारलाई भारतीय प्लाष्टिकजन्य फुल बिक्रि वितरणमा रोक लगाउन आग्रह गरिने बताए । प्लाष्टिकजन्य फूलले पनि धेरथोर प्रभाव पार्ने हुँदा यसका लागि स्थानीय सरकारसँग छलफल गरिने उनको भनाइ छ । उनै घलान पनि हेटौंडाको १२ नम्बर वडामा १ विगाहा क्षेत्रफलमा व्यावसायिक फूल खेती गर्दै आएका छन् ।

हेटौंडा उपमहानगरका प्रवक्ता एवम् हेटौंडा-१ का वडा अध्यक्ष सविन न्यौपानेले हेटौंडामा तिहारका लागि फूल उत्पादन गरिरहेका किसानहरुका बारेमा बैठकमा कुरा उठेको बताए । तर, हेटौंडाका किसानले उत्पादन गरेको फूलले मात्रै नधान्ने हुँदा यो वर्ष भारतबाट आएका प्लाष्टिकका फूल बिक्रि वितरणमा प्रतिबन्ध नलगाएको बताए । 'यो विषयमा कुरा नउठेको होइन । तर, उत्पादित फूलले मात्रै नधान्ने हुनाले पनि यसपटक भारतीय प्लाष्टिकका फूल बिक्रि वितरणमा रोक नलगाइएको हो ।', उनले भने, 'हेटौंडामा फूल खेती गर्ने किसानहरुले पनि उपमहानगरमा त्यस्तो कुनै मागहरु ल्याउनु भएन त्यसकारण पनि हामीले आधिकारिक निर्णय गर्न सकेनौं ।', प्रवक्ता न्यौपानेले किसानले उत्पादन गरेको फूललाई प्रर्वद्धन गर्न आगामी वर्षमा संरक्षणमुखी नीति नै बनाएर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

सयपत्री फूलको सुगन्धले चाडपर्वको माहोललाई थप उल्लासमय बनाउने गरेको छ । १२ महिना फूल्ने भएपनि तिहारमा सयपत्री फूलको विशेष महत्व रहने गर्छ । तिहारमा पूजाआजा गर्न, घर सजावट गर्न र भाइटीकामा दाजुभाइका लागि माला बनाउन सयपत्री फूलको प्रयोग हुने गर्दछ । सौन्दर्य र सुगन्धित सयपत्री फूलका अनेकन विशेषता छन् । मकवानपुरमा ढकमक्क फूलेका सयपत्री र मखमली फूलहरुले तिहारलाई स्वागत गरिरहेको छ ।

## हेटौंडाका पोखरेल हाइड्रोपावर एसोसिएसनको उपाध्यक्ष



साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ युवा जलविद्युत उद्यमी सुशील पोखरेल वर्ष २०२३-२५ का लागि इन्टरनेशनल हाइड्रोपावर एसोसिएसन (आईएचए)को उपाध्यक्षमा निर्वाचित भएका छन् ।

हेटौंडाका पोखेल कात्तिक १४ देखि १६ गतेसम्म इन्डोनेसियाको बालीमा भएको 'अन्तर्राष्ट्रिय जलविद्युत सम्मेलन-२०२३' बाट उपाध्यक्षमा चयन भएका हुन् । पोखेल जलविद्युत तथा स्वच्छ ऊर्जा विकासमा लामो समय अनुभवन बटुलेका व्यक्ति हुन् । उनले एसिया तथा मध्य एसियाका २८ देशलाई नेतृत्व गर्नेछन् । विकासोन्मुख यात्रामा अगाडि बढेको देशका लागि विश्व जलविद्युत मञ्चमा नेपालको यो ऐतिहासिक उपलब्धि भएको कम्पनीको भनाइ छ । पोखरेलले लामो समयदेखि हरित ऊर्जा र दीगो जलविद्युत विकासको नीतिगत तहमा बहस तथा पैरवी गर्दै आएका थिए ।

उपाध्यक्षमा नियुक्त भएसँगै पोखरेलले नेपालको जलविद्युत क्षेत्रलाई विश्वको लगानीयुक्त गन्तव्य बनाउने अभियानलाई आफूले अझ प्रबल रुपमा अगाडि बढाउने बताए । 'दीगो जलविद्युत मापनको मापदण्डका आधारमा नेपालका जलविद्युत आयोजनाहरु प्रमाणीकरण भएका छन ।', उनले खुशी व्यक्त गरे, 'यसले हामीलाई हरित ऊर्जा विकासमार्फत् दीगो भविष्यको आधार निर्माण गर्न पर्याप्त अवसरहरु प्रदान गरेको छ ।', दीगो जलविद्युत विकासमा अविराम खटिइरहेका पोखरेलले सन् २०३५ सम्म १००० मेगावाट नवीकरणीय ऊर्जा उत्पादन गर्ने अभियानमा छन् । उनी बिजबेल कम्पनी मार्फत् मध्य तथा दक्षिण एसियामा हरित ऊर्जामार्फत् दीगो भविष्य निर्माण गर्ने अभियानमा रहेका छन् ।

बालीमा ३ दिनसम्म भएको सम्मेलनमा विभिन्न देशका ९०० भन्दा बढी नीति निर्माता, बुद्धिजीवी, कुटनीतिज्ञ तथा जलविद्युत क्षेत्रमा दशकौंदेखि काम गरिरहेका कम्पनीहरुका प्रतिनिधिहरुको सहभागिता थियो । सम्मेलन समापनको दिन जारी 'बाली घोषणापत्र'ले स्वच्छ तथा नवीकरणीय ऊर्जामार्फत् न्यून कार्बनयुक्त अर्थतन्त्र एवम एकीकृत जलविद्युत विकास गर्नुपर्नेमा जोड दिएको छ । आईएचएको वर्ष २०२३-२५ को अध्यक्षको नेतृत्व अष्ट्रेलियाका पूर्वप्रधानमन्त्री माल्कोल्म टर्नबुलले गर्ने छन् ।

## मकवानपुरका राई विरगञ्जबाट पक्राउ

हेटौंडा, २२ कात्तिक/ पर्सास्थित बीरगञ्ज महानगर पालिकाबाट मकवानपुरको मनहरी गाउँपालिका घर भएका कृष्णबहादुर राई अवैध लागूऔषधसहित पक्राउ परेका छन् ।

राई लागूऔषध नाईट्राभेट ५ सय २५ ट्याब्लेटसहित वीरगञ्ज महानगरपालिका-१६ रजतजयन्ती चोकबाट सोमबार पक्राउ परेको प्रहरीले जनाएको छ । राईलाई लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पर्सा र प्रहरी चौकी इनर्वाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । पक्राउ परेका उनीमाथि प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

# बागमतीमा कृषिबाट खान नपुग्ने किसान ५६ प्रतिशत

साझाकुरा संवाददाता



हेटौंडा, २२ कात्तिक/ बागतमी प्रदेशमा कृषिको आम्दानीले वर्षैभरि खान नपुग्ने किसानको प्रतिशत ५५ दशमलव ९ रहेको सरकार तथ्यांकले देखाएको छ ।

कृषि प्रधान मुलुकमा कृषि पेशाबाट घरबार चलाउन नसक्ने अवस्थाबाट किसान गुज्रिनु बिडम्बनाको विषय बनेको हो । बागमती प्रदेशमा कतिपय किसानहरु कृषि पेशाबाटै आत्मनिर्भर छन् । तर, आत्मनिर्भर हुनेहरु पनि वर्षैभरि खान नपुग्ने अवस्था रहेको कृषि गणना-२०७८ को तथ्यांकले देखाएको हो । राष्ट्रिय तथ्यांक कार्यालयले जारी गरेको कृषि गणना २०७८ को प्रतिवेदनअनुसार बागमती प्रदेशमा ५५ दशमलव ९ प्रतिशतलाई कृषिको आम्दानीले खान नपुग्ने देखिएको हो ।

बागमतीमा ७२ दशमलव ६ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । बाँकी स्वदेशमै विभिन्न पेशामा रोजगारी, स्वरोजगार कार्यमा र वैदेशिक रोजगारीमा छन् । मकवानपुरगढीका सुरेन्द्र हुमागाईंको मुख्य आयस्रोत नै कृषि पेशा हो । करिब ८ वर्ष वैदेशिक रोजगारीमा गएर आएका उनका एक छोरा र एक छोरी अध्ययनरत् छन् । करिब ६ कठ्ठा खेतमा गरेको कृषि पेशाले वर्षैभरि खान पुऱ्याउनुपर्ने बाध्यतामा हुमागाई छन् । उनले सिजनअनुसारको कृषि उत्पादनले खानमात्रै ठिक्क भएको र कुनै बचत हुन नसकेको बताए । कृषि उत्पादन खर्चिलो बन्दै गएकाले खेत नै बाँझो राख्नुपर्ने अवस्थामा पुगेको उनको गुनासो छ ।

'बिउबिजन किन्दा खर्चिलो छ । ऋण गरेर कति दिन कृषि पेशा गर्ने । उत्पादनले ऋण तिर्न पनि मुस्किल छ । नगदे बालीमा आलु लगाइन्छ । आलु बेचेर वर्षभरि कसरी खान पुग्छ ?', उनले भने । कृषि पेशा गर्ने र त्यसको आम्दानीले खान पुग्ने परिवार भने प्रदेशमा ४४ दशमलव एक प्रतिशतमात्र छन् । नेपालमा भने कृषिमै आश्रित भएर पनि यसको आम्दानीले खान नपुग्ने ५५ प्रतिशत रहेको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक बद्रीकुमार कार्कीले जानकारी दिए ।

युवाहरु विदेशिने भएका कारण पनि नेपालमा पछिल्लो समय कृषिमा महिलाको संख्या बढ्दो छ । विगत तीन दशकदेखिको नतिजा हेर्दा अहिले महिला कृषकको सङ्ख्या बृद्धिभएको निर्देशक कार्कीले बताए । नेपालमा ३२ दशमलव चार प्रतिशत महिला कृषक छन् भने बागमती प्रदेशमा मुख्य कृषकको रुपमा महिला ३७ दशमलव दुई प्रतिशत र पुरुष ६५ दशमलव आठ प्रतिशत रहेका छन् । वि.सं. २०५८ को गणनामा महिला ८ दशमलव एक प्रतिशत र पुरुष ९१ दशमलव ९ प्रतिशत कृषक थिए । किसानको मुख्य चिन्ता भने समयमै मल, बीउ उपलब्ध नहुनुमा छ । ५७ प्रतिशतले समयमै मल, बीउ उपलब्ध भए उत्पादन बढाउन सकिने बताए ।

बागमतीमा पुराना प्रविधि हराउँदै गएको छ । फलामे हलोको प्रयोग घटेको छ भने ट्याक्टर र पावरट्रिलर प्रयोग गर्नेको संख्यामा बृद्धि भएको छ । १४ दशमलव आठ प्रतिशत फलामे हलो, ३० दशमलव आठ प्रतिशत ट्याक्टर र १६ दशमलव सात प्रतिशत पावर ट्रिलर प्रयोगकर्ता रहेको निर्देशक कार्कीले बताए । तीन दशकमा नेपालमा कृषक परिवार संख्या र कृषकले भोगचलन गरेको जग्गामा बृद्धि भए पनि सरदर दुई पटकमात्र बाली लगाएको देखिन्छ । बागमती प्रदेशमा १५ लाख ७० हजारभन्दा बढी घरपरिवार रहेकोमा ६ लाख ६८ हजार १ सय ७७ कृषक परिवार रहेको र दुई लाख ८२ हजार २ सय ९२ हेक्टर जमिन कृषिमा प्रयोग भएको तथ्यांक छ ।

नेपालमा सरदर एक दशमलव ९१ प्रतिशत बाली सघनता रहेपनि प्रदेशमा भने दुई प्रतिशत अर्थात् दुई पटकसम्म बाली लगाएको पाइएको निर्देशक कार्कीले बताए । उनका अनुसार बागमतीमा बगैंचाको रुपमा आँप ५ सय ३२ हेक्टरमा, केरा एक हजार १ सय २० हेक्टरमा, सुन्तला ६ सय ८८ हेक्टरमा, कागती ४ सय ६० हेक्टरमा, स्याउ ८० हेक्टरमा लगाइएको छ । त्यस्तै यहाँ गाई/भैसी पालन घट्दो छ । २०६८ को गणनादेखि नै यसको क्रम घट्दो देखिन्छ । गाईगोरु र राँगाभैसीभन्दा खसीबाखा, सुंगुर र बंगुर पाल्नेको संख्या धेरै बृद्धि भएको प्रतिवेदनमा उल्लेख छ ।

प्रदेशमा उत्पादन गरिएको वस्तु सबै घरायसी उपभोग गर्ने ६६ दशमलव चार प्रतिशत कृषक छन् भने केही वस्तु बिक्री गर्ने २५ प्रतिशत, केही घरायसीका लागि राखी सबै बिक्री गर्ने सात दशमलव चार प्रतिशत र सबै वस्तु बिक्री गर्ने शून्य दशमलव ९ प्रतिशत रहेका छन । ४८ प्रतिशतले सिँचाइको व्यवस्था, १२ प्रतिशतले कृषि उत्पादनको उचित बजार व्यवस्था र ११ प्रतिशत कृषकले शून्य ब्याजदर वा सस्तोमा ऋण उपलब्ध गराउन र प्राविधिक तालिम दिन सरकारलाई सुझाव दिएको प्रतिवेदनमा उल्लेख छ ।

## बागमती प्रदेश मन्त्रिपरिषद् निर्णय

# दरबन्दी स्वीकृतदेखि भ्रमण वर्ष मनाउनेसम्म

साझाकुरा संवाददाता



हेटौंडा, २२ कात्तिक/ बागमती प्रदेश सरकारको बुधवार बसेको मन्त्रिपरिषद् बैठकले कर्मचारीको बढुवादेखि भ्रमण वर्ष मनाउनेसम्मको निर्णय गरेको छ ।

मन्त्रिपरिषद्ले ५ वटा मन्त्रालयको कर्मचारी दरबन्दी तेरिज स्वीकृत गरेको छ । आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र खानेपानी ऊर्जा तथा सिंचाइ मन्त्रालयको कर्मचारी तेरिज स्वीकृत गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए । बैठकले भौतिक पूर्वाधार विकास मन्त्रालयको ३ सय १७ जना, आन्तरिक मामिला तथा कानुन मन्त्रालय ४८ जना, संस्कृत पर्यटन तथा सहकारी मन्त्रालय १ सय ३ जना, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ५ सय ८३ जना र खानेपानी ऊर्जा तथा सिंचाइ मन्त्रालय ३ सय ४६ जनाको दरबन्दी तेरिज स्वीकृत गरिएको उनले बताए ।

यसअघि गत असोज १५ मा बसेको मन्त्रिपरिषद् बैठकले ६ मन्त्रालयको कर्मचारी दरबन्दी तेरिज स्वीकृत गरेको थियो । प्रदेश सरकार स्थापना पश्चात निर्माण भएका विभिन्न २१ वटा निकायको अस्थायी दरबन्दीलाई स्थायी गर्ने प्रक्रिया अघि बढाउन कर्मचारीहरुको दरबन्दी तेरिज स्वीकृत गरेको मन्त्री श्रेष्ठले बताए । प्रदेशमा रहेका अस्थायी दरबन्दीहरु प्रदेश किताब खानामा दर्ता भई स्थायी रुपमा पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगले काम गर्ने उनको भनाइ छ । प्रदेश संरचनालाई थप सशक्त बनाउन उक्त काम महत्वपूर्ण हुने उनले बताए ।

बैठकले बागमती प्रदेश भ्रमण वर्ष २०२४ घोषणा गर्ने निर्णय गरेको छ । उक्त विषयको आन्तरिक तयारी संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयलाई तोकिएको उनले बताए । पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८० स्वीकृत गरिएको छ । यसैगरी, उपसभामुख अप्सरा चापागाईंको अस्ट्रेलिया भ्रमणका लागि मनोनयन गरी सरकारी प्रवेश आज्ञा (भिसा) सिफारिस गर्ने निर्णय गरेको छ । उक्त सिफारिसका आधारमा संघीय सरकारले आवश्यक निर्णय गरेर प्रक्रिया अघि बढाउने मन्त्री श्रेष्ठले बताए ।

त्यसैगरी मन्त्रिपरिषद् बैठकले प्रदेश प्रमुखको कार्यालय हेटौंडाको सबलीकरणका लागि १० लाख रुपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले प्रदेश प्रमुख कार्यालयका लागि इन्धन सुविधामा २ लाख ५० हजार रुपैयाँ, कर्मचारीको क्षमता अभिवृद्धि तालिमका लागि १ लाख ५० हजार रुपैयाँ, आन्तरिक तथा अन्तर प्रदेश अवलोकन भ्रमण कार्यक्रम खर्चका लागि ६ लाख रुपैयाँ बजेट उपलब्ध गराउने निर्णय गरेको कानुनमन्त्री श्रेष्ठले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# मौलिकता नगुमाऔं

सभ्य समाजले प्राकृतिक सम्पदाको संरक्षण, संवर्द्धन र सदुपयोग गरेको हुन्छ । आधुनिक युगमा नयाँ सम्पदा निर्माणको होडसँगै पुराना सम्पदाको महत्वलाई खुम्च्याउने खतरा बढेको छ । विकसित देशमा पुराना सम्पदाको संरक्षणसँगै नयाँ सम्पदा निर्माण गरिन्छ । तर, नेपालमा सडक र सहर विस्तारको नाममा अमूल्य सम्पदालाई नामेट पार्ने काम भइरहेको छ । विकासका नाममा भएका व्यापार र विनाशले भूक्षय हुने, कुवा, जरुवा र पानीको मूल सुक्ने, नदीउकास बृद्धि हुने गरेका छन् । अहिलेको पुस्ताले कंक्रीटलाई विकास देखेको छ, कालान्तरमा पुरातन मौलिक अस्तित्व गुम्ने खतरा छ । गाँउको स्वरुपमात्र परिवर्तन गरेर सहर हुँदैन । गाउँलाई गाउँकै शैलीमा विकास गर्नुपर्ने थियो । मौलिक सम्पदा हाम्रा पहिचान हुन्, संरक्षण गर्नुपर्छ भनेर सिकाउने चेत भएपनि के गर्दा संरक्षण हुन्छ भन्ने कुरा सिकाउन चुकेको देखिन्छ ।

नेपालका बिभिन्न ग्रामीण बस्तीमा रहेका प्राचीन सम्पदा पर्यटन उद्योगका लागि 'सर्वाधिक आकर्षणको केन्द्र' हुन् तर, हाम्रा कामकारबाही तथा सोच पर्यटनउन्मुख छैनन् । यसको अर्थ हो, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाबारे हाम्रो दृष्टिकोण स्पष्ट छैन । देशको भौगोलिक जटिलता र सांस्कृतिक महत्वको हेक्का नराखी जताततै डोजर चलाउने काम भइरहेको छ । विकास हाम्रो रहर र बाध्यता दुवै हो । तर, सयौं वर्ष पुरानो सांस्कृतिक धरोहरको मूल्यमा कसैले विकास स्वीकार्दैन । सम्पदा बिर्सिएको यस्तो विकासबारे राष्ट्रिय-अन्तर्राष्ट्रिय विज्ञले प्रश्न उठाइरहेका छन् । प्राचीन नेपालको इतिहासमा विभिन्न वंश र ऋषिमुनिले देशको यात्रा गर्नुपर्दा प्रयोग गरेको पैदलमार्ग मकवानपुरमा रहेको ईतिहास छ । भारतबाट मोटर बाटो हुँदै भीमफेदीसम्म आएका मोटरलाई स्थानीय मजदुरले बोकेर देउराली, कुलेखानी, मार्खु, चित्लाङ हुँदै थानकोटसम्म पुऱ्याउन प्रयोग गरिएको ऐतिहासिक महत्व बोकेको यो मार्गलाई बिग्रन दिनुहुन्न । पुरातात्विक, ऐतिहासिक, धार्मिक महत्वका सम्पदामा प्रतिकूल असर नपर्नेगरी मर्मतकार्य अघि बढाउनुपर्छ । त्रिभुवन राजपथ सञ्चालनमा आउनुअघि चित्लाङ, काठमाडौं उपत्यकाको प्रवेशद्वारको रुपमा थियो । सँस्कृति र इतिहास अध्ययन गर्नेका लागि महत्वपूर्ण गन्तव्यका रुपमा विकास भएको चित्लाङको नाम पहिले चित्रापुर थियो । पछि चैत्य जाने बाटो भएकाले यसको नाम चैतलोङ रहन गयो । पछि अपभ्रंश भएर यसको नाम चित्लाङ रहन गएको स्थानीय बताउँछन् । चित्लाङको उत्तरतर्फ चन्द्रागिरी डाँडा र दक्षिणतिर महाभारत क्षेत्र छ ।

नेपालका धेरै शासन र शासकको साक्षी पनि हो, चित्लाङ । त्यसैले त चित्लाङलाई लिच्छवी कालदेखिको प्रमाण मानिन्छ । लिच्छवीकालदेखि नै काठमाडौंबाट तराईतर्फ लाग्ने मानिस चन्द्रागिरी पार भएर चित्लाङ हुँदै जाने गर्थे । सर्वसाधारणमात्र नभएर मल्लकालीन राजा र राणाहरु तराई आउजाउ गर्दा चित्लाङकै बाटोबाट ओहोर दोहोर गर्थे । राणा प्रधानमन्त्री जंगबहादुर राणा बेलायत भ्रमणमा जाँदा यही बाटो भएर गएको इतिहास छ । भारतका सम्राट अशोक यही ठाउँबाट काठमाडौं जानेआउने क्रममा चित्लाङको चित्रापुर नगरको चिलङ्गा चैत्य निर्माण गरेका थिए, जुन चैत्य हाल संरक्षणविहीन अबस्थामा छ । अशोककालीन चैत्य र किराँत राजाहरुले बनाएका तीन गजुरको मन्दिर, तलेजु भवानी मन्दिर र विभिन्न शीलालेखका कारण इतिहासका अध्ययनकर्ता पनि चित्लाङ पुग्ने गर्छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कात्तिक २४ गते शुक्रबार, १० नोभेम्बर २०२४ ।द्धदशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:२१, सूर्यास्त ५:१२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : कुरा काट्नेहरु सक्रिय हुने | **तुला** | : स्वास्थ्य बिग्रन सक्ने |
| **वृष** | : नयाँ काम हात पर्ने | **वृश्चिक** | : रमाइलोगरि समय बित्ने |
| **मिथुन** | : कार्यान्तरण हुन सक्ने | **धनु** | : राजनीतिमा प्रगति हुने |
| **कर्कट** | : शुभ समाचार सुन्न पाइने | **मकर** | : शारीरिक परिश्रम गर्नुपर्ने |
| **सिंह** | : अनावश्यक खर्च बढ्ने | **कुम्भ** | : पढाइमा प्रगति हुने |
| **कन्या** | : भोजको अवसर मिल्ने | **मीन** | : विश्वासमा संकट आउने |

# संविधान र कानुनमा रहेको आममाफीको प्रावधानलाई पुनर्विचार गर्नुपर्छ



✍ सविता भण्डारी

माफी दिन पाउने अधिकार राष्ट्रपतिको हो तर राष्ट्रपतिले पनि कानुन विपरीत कुनै काम गर्नुहुन्छ भने त्यसलाई अदालतले अङ्कुश लगाउन सक्छ भन्ने कुरा रिगलको आममाफीले देखायो । जुन कुरा हुनुहुँदैन थियो । यसमा कार्यपालिकाको स्वेच्छाचारितामा न्यायालयले लगाम लगाइदिएको छ । सबैले आफ्नो ढङ्गले काम गरेको छैन भन्ने यस्ले गलत सन्देश पनि गयो । अदालतले अङ्कुश लगाउन सक्छ भनेर भोलिका दिनमा राष्ट्रपतिबाट यस्तो निर्णय नहुन सक्छ । यसलाई हामीले सकारात्मकरुपमा लिनुपर्छ । राष्ट्रपतिलाई संविधानले आममाफी दिने अधिकार छ । त्यसलाई अदालतले अङ्कुश लगायो भनेर यसलाई अलि नकारात्मक ढङ्गले पनि हेर्न सकिन्छ ।

आउँदो दिनमा कार्यपालिकाले मनमौजीरुपमा कैद छुट तथा आममाफी दिने विकृति हटाउन पनि यसले सहयोग गर्छ । भोलिका दिनमा राजनीतिक दलहरुले गैरकानुनी क्रियाकलापमा संलग्न आफ्ना कार्यकर्तालाई छुटाउने सक्ने अवस्थामा भने पक्कै पनि रोक लगाएको छ । यो निर्णयबाट हामीले पनि सर्वोच्च अदालतबाट एउटा सकारात्मक निर्णय आयो भनेर धन्यवाद दिनुपर्छ ।

यसैगरी माफी पाएका अरुको सम्बन्धमा जस्लाई चित्त बुझ्दैन त्यसले पुनर्विचार पनि गर्न सक्छ यो फैसलापछि । यो फैसलामा आममाफी दिँदा संविधानले दिएको पीडितको हकलाई पनि सुनिश्चित गर्नुपर्छ भन्ने कुरा गरिएको छ । त्यो फैसलामा पीडितको सहमति लिएको छ कि छैन भन्ने कुरा बोलेको पनि छ । फैसलामा पीडित पक्षको सहमति र कैदीको असल चालचलन भएको पुष्टि हुने आधार चाहिन्छ भनेर भनिएको छ ।

अन्य आममाफी पाएकाहरुको हकमा पनि यो कुरा छैन । मुलुकी फौजदारी कार्यविधि संहिताले पनि आममाफी वा सजाय कम गर्न सक्ने अधिकार त दिएको छ । तर, त्यो अधिकार दिँदा पनि केही अवस्थाहरु तिमीले हेर भनेर भनेको छ । अपराधको गम्भीरता, अपराधको किसिम, अपराध गर्दाको अवस्था के थियो भन्ने कुराको विश्लेषण गरेर मात्र सजाय माफी दिने वा छुट दिने निर्णय गर भनेर कानुनले पनि भनेको अवस्था छ । यदि यी अवस्थाहरु अरुको हकमा पनि छैनन् भने यस्तो अरु मुद्दा पर्यो भने अहिलेको सर्वोच्चको फैसलाले फेरि पनि कैदमा जानुपर्ने हुनसक्छ ।

**फैसलाले न्याय प्रणालीमा सुधार ल्याउने आशा**

यो फैसलाले फौजदारी न्याय प्रणालीमा केही सुधार ल्याउने भयो भनेर पनि मान्नुपर्छ । मुलुकी फौजदारी कार्यविधि संहिताको १५९ मा जघन्य अपराधमा आममाफी हुँदैन भनेर प्रष्टसँग भनेको छ । जबरजस्ती करणी, सुनियोजित हत्यामा आममाफी हुँदैन वा कैद मिनाहा हुँदैन भनेर संहितामा प्रष्टसँग उल्लेख गरेको पनि छ । तर, यसो भन्दैमा राष्ट्रपतिलाई संविधानले केही अधिकार पनि दिएको छ । कहिलेकाहीँ आन्दोलन वा सत्ता परिवर्तनका क्रममा पनि मान्छेहरु मर्न सक्छन् । त्यस्तो बेलामा राष्ट्रपतिले आममाफी दिएर पनि कैदमुक्त गर्न सक्छन् । यसमा उसको नियत कुनै लाभ लिने नभइ जनमानसको हितको लागि गरिएको कामबाट पनि यदि कुनै अपराध हुनपुग्यो भने त्यसबाट उन्मुक्ति दिनको लागि यो आममाफीको व्यवस्था गरिएको हो ।

संविधानले पीडितको अधिकार भनेर राखेको छ त्यसलाई संरक्षण गरेर उसलाई पुन:स्थापना गर्नुपर्छ भने त्यो पनि गर्नुपर्छ भनेर यो फैसलाले पनि बोलेको छ । र, संविधानले पनि बोलेको छ । अहिले सर्वोच्च अदालतले पीडितको न्यायलाई संरक्षण दिएको, परिपालन गरेको अथवा त्यसलाई परिचालन गर्नको लागि एउटा कदम उठाएको भन्ने मान्नुपर्ने हुन्छ ।

रिगलको यो मुद्दामा भारतीलाई अदालतसम्म आउन पनि कति डर, धम्की आएको थियो भन्ने कुरा उहाँले इजलाशमा उजागर गर्नुभएको थियो । यो फैसलाले अदालतले पीडितको न्यायलाई संरक्षण गर्यो भन्नेमा कुनै दुई मत नै छैन ।

**अदालतप्रति सकारात्मक भाव**

यो फैसलाले अदालतप्रति सकारात्मक भाव उत्पन्न गराएको छ । कानुनको विद्यार्थी र बहसका लागि अदालत गइरहने कानुन व्यवसायी भएका नाताले पनि हामीलाई पनि यसअघि निराशाको भाव उत्पन्न भइसकेको थियो । अदालतको न्याय, क्रियाकलापबाट हामीलाई पनि वास्तविक पीडितले न्याय पाइरहेका छन् कि छैनन् भनेर सोच्नुपर्ने अवस्थामा हामी पनि उभिइसकेका थियौं ।

रिगलको फैसला आउनु अगाडि आममाफी पाएका केही व्यक्तिहरु फेरि उस्तै प्रकृतिको आरोपमा पक्राउ परेका छन् । यसको सङ्केत के हो भने अपराधी प्रवृत्ति कहिले पनि नसुने रहेछ भन्ने हो । एउटा व्यक्ति जेलमा बसेको छ, आममाफी पाएर छुटेको छ तर, फेरि गएर अपहरणलगायतका अपराधमा संलग्न भएर फेरि जेलमा परेको अवस्था छ । यसो हेर्दा उसको आपराधिक क्रियाकलाप त कहिले पनि नसकिने जस्तो भयो ।

अहिलेको घटनाले हाम्रो संविधान र कानुनमा रहेको आममाफीको प्रावधानमा नै पुनर्विचार गर्नुपर्ने देखिन्छ । अहिलेको सर्वोच्चको फैसलाले पनि त्यो देखिन्छ । अहिलेको फैसलाले पनि भोलिका दिनमा यस्ता आममाफी पक्कै पनि हुँदैनन् भन्ने कुरा सोच्नुपर्ने ठाउँहरु आयो । यदि सजाय भुक्तान गरेर पनि त्यस्ता अपराधीहरुले बारम्बार अपराध गर्छन् भने के त भनेर सोच्ने बेला आयो । आममाफी पाएर पनि अपराध गर्यो । भोलि सजाय भुक्तान गरेर पनि अपराध गर्यो भनेपछि अपराधीहरु त कहिले पनि अपराधीहरु त अपराध गर्नबाट डराउने नै भएनन् ।

पहिले पहिले हामीले सिनेमामा मात्र सङ्गठिन अपराधको कुरा देख्थ्यौं । अहिले त जेलबाटै पनि उनीहरुका मतियारबाट अपराधका योजनाहरु बनाउने, श्रृङ्खलाहरु चलाउने कामहरु भइरहेको भन्ने सुनिन्छ । कानुन र संविधानले कस्ता अभियुक्तले आममाफी पाउँछन् भन्ने कुरामा पहिला आस्थाका बन्दीहरुलाई आममाफीको व्यवस्था रहेछ । एउटा सत्ता परिवर्तन भयो र हिजो सत्तामा रहेका व्यक्तिहरुलाई थुनामा राखेको रहेछ भने ती व्यक्तिहरुको कसुर के त भन्ने आधारमा उनीहरुलाई आममाफीको कुरा गरिएको रहेछ । मलेसियामा पनि धेरै आप्रवासीहरु रहेछन् । जेलमा थुनेर राखेर तिनीहरुको उन्मुक्ति त भएन । कहिलेसम्म थुनेर राख्ने ? त्यसैले उनीहरुलाई पनि आममाफी दिएर आफ्नो आफ्नो देश फर्काएको अवस्था रहेछ । यस्ता कुराहरुको लागि आममाफीको व्यवस्था गरिएको हो ।कहिलेकाहीँ मान्छेले नचाहँदा नचाहँदै पनि सत्ता परिवर्तनको लागि वा विशाल जनमानसको हितको काम गर्दा केही अपराधहरु हुनसक्छ । त्यस्तो बेलामा त्यस्ता व्यक्तिहरुको कसुर के त ? त्यो भनेको दुर्घटनावश पनि भएको हो । त्यो व्यक्तिले पनि विशाल जनसमुदायको हितको ख्याल गरेर कार्य गरेको अवस्था हो । त्यस्तो अवस्थामा त्यस्ता घटनाहरु घटे भने त्यस्ता व्यक्तिहरुको अपराधलाई चाहिँ न्यूनीकरण गरिकन ती व्यक्तिहरुले राम्रो कामको लागि अपराध हुन गयो भन्ने आधारमा आममाफीको व्यवस्था गरिएको हो ।

राजनीतिक आस्थाका बन्दीहरु जसले सत्ता परिवर्तनका बेला राजनीतिक आधारमा थुनामा रहेका व्यक्तिहरुले आममाफी पाउनुपर्छ भन्ने आधारमा त्यो प्रावधान राखिएको हो । बहसको क्रममा सुनेको कुरा र जुन आदेश आयो आदेशमा उल्लेखित कुरा हेर्दा एउटा सुनियोजित अपराधको घटनालाई तरुण दलको नेताको हैसियतले, राजनीतिक पार्टीको हैसियतले उहाँलाई आममाफी दिएको अवस्था छ । त्यसकारण उहाँलाई राजनीतिक बन्दी वा आस्थाको बन्दीकोरुपमा बर्गीकरण गर्ने मिल्दैन । उहाँले राजनीतिक आस्थाको लागि त्यो लडाइँ लड्नुभयो भन्ने देखिँदैन ।

यो मुद्दाको अध्ययन गर्दा उहाँले पहिले हत्या गर्न केही मान्छेहरु बोलाउनु भएको छ । नेपालगञ्जको एउटा लजमा राखिएको छ । तीन दिनसम्म उनीहरु त्यहीँ बसेका छन् । उहाँलाई त्यो मान्छे मारिएको खुँडा ल्याएर दिइएको छ । फोटो देखाएर यो मान्छेलाई मार्नुपर्छ भनिएको छ । अनि त्यहाँ गएपछि मुठभेड भएको छ । मुठभेडमा पनि जबरजस्ती समातेर ल्याएर अनि खुँडाले हानेको अवस्था देखिन्छ । त्यसकारण यसलाई अब राजनीतिक मुद्दा भन्न मिल्छ कि मिल्दैन ।

यो भनेको अपराधलाई राजनीतिकरण गर्न खोजिएको मात्रै हो । यो त एउटा उदाहरण मात्रै हो । आममाफी पाएका धेरैको मुद्दा वा अपराध छ त्यसलाई राजनीतिकरण गर्न खोजिएको मात्रै हो । अझ फैसलाहरु हेर्नुभयो भने कुनै ठेक्कापट्टाको सन्दर्भमा हाम्रो राजनीति कसरी चलेको छ भन्ने यो फैसला एउटा ज्वलन्त उदाहरण हो । अदालतमा जुन बकपत्र गरेका छन् त्यसमा भनिएको छ हामीलाई पहिले पनि ठेक्कापट्टाको सन्दर्भमा केही पर्यो भने हामीलाई बोलाएर त्यस्ता मान्छेलाई कुट्ने पिट्ने गर्थ्यौं भनेको अवस्था देखिन्छ । त्यसकारण यो भनेको अपराधिक क्रियाकलापलाई राजनीतिकरण गरिएको अवस्था हो ।

**आममाफीको प्रावधानमा पुनर्विचार**

सर्वोच्चको यो आदेशले संविधान र कानुनमा रहेको आममाफीको प्रावधानलाई पुनर्विचार गर्नुपर्छ भनेर निर्देश गरेको देखिन्छ । तर, यसलाई हटाइहाल्ने भन्ने कुरा भने होइन । राख्नुपर्छ । आममाफीको व्यवस्थाले कहिलेकाहीँ बेकसुरदार मान्छेहरु तर, समय र परिस्थितिले कसैलाई अपराधी बनाएको छ भने त्यस्ताको हकमा आममाफी चाहिन्छ । अहिले पनि असल चालचलन भयो, सुधारिएको अवस्था भयो र परिस्थितिका कारण कोही बेकसुरदार जेलमा रहेको हुनसक्छ । यसका लागि पनि आममाफीको व्यवस्था चाहिन्छ । हाम्रो भनाइ भनेको आममाफीलाई गलत ढङ्गले प्रयोग गर्नुभएन भन्ने मात्र हो । गणतन्त्र दिवस, संविधान दिवस र प्रजातन्त्र दिवसको दिन आममाफी दिने, कैद छुट गर्ने प्रावधानको गलत प्रयोग भइरहेको छ । जसले पाउनुपर्ने हो उनीहरु कम छन् । पाएका होलान् तर पाउनु नपर्नेले पाइरहेको अवस्था छ । यसको गलत अभ्यास भइरहेको छ । हामी आशा गरौं सर्वोच्चको यो आदेशले अब भोलिका दिनहरुमा गलत परिपाटिले प्रश्रय पक्कै पाउने छैन । कानुनले स्पष्ट भनेकै छ, ६५ वर्ष उमेर पुगेको, दीर्घरोगी, जेलमा रहेको अपराध गरेकोमा आत्मबोध गरेर आफूलाई असल मान्छेकोरुपमा चित्रण गरेको छ भने त्यस्ता मान्छेलाई आममाफी दिन सकिन्छ । उनीहरुलाई जेलमा राखेर सरकारले खर्च गर्नुपर्ने अवस्था हुँदैन ।

आममाफीलाई सही किसिमले प्रयोग गर्यो भने आवश्यक छ । संविधानले जुन व्यवस्था गरेको छ, कानुनमा सजाय छुट दिने जुन प्रावधानहरु छ, हाम्रो मुलुकी कार्यविधि संहितामा जुन व्यवस्था गरेको छ, कारागार ऐनमा जुन प्रावधानहरु राखिएको छ ती प्रावधानहरुले एउटा मान्छे जो सही किसिमले सुन खोजेको छ अथवा जो साँच्चिकै अन्यायमा परेको छ त्यस्ता मान्छेहरुका लागि आममाफी एउटा राम्रो औजार कोरुपमा प्रयोग हुनसक्छ ।

**आममाफीको सन्दर्भमा अहिलेको कानुन पर्याप्त**

आममाफीको सही प्रयोगको लागि अहिले भइरहेको संविधान तथा कानुन नै पर्याप्त छ । यसमा थप परिमार्जन आवश्यक छैन । केवल यसको प्रयोग मात्र सही किसिमले गर्नुपर्यो भन्ने मात्र हो । एकजना मान्छेलाई ज्यान कसुरको केसमा जेलमा गएको दश वर्षपछि सर्वोच्च अदालतले बेकसुरदार ठहर्याएर छुट दिएको थियो । ती मान्छेले पछिल्लो भेटमा जेलमा त अपराधीभन्दा निरपराधी पो धेरै रहेछन् भनेर आफ्नो अनुभव सुनाएका थिए । त्यस्ता निरपराधीहरुलाई छुटाउनको लागि आममाफी सही प्रयोगकोरुपमा आउन सक्छ भन्ने लाग्छ ।

भोलिका दिनमा पनि सत्तामा पुगेको राजनीतिक दलले अपराधमा मुछिएका आफ्ना कार्यकर्ता छुटाउनका लागि यस्ता निर्णय गरेको खण्डमा राष्ट्रपतिले पनि यो सही हो कि होइन पुनर्विचार गर भनेर सरकारलाई भन्न सक्छन् । यदि कार्यपालिकाले कानुनभन्दा माथि गएर निर्णय गरेको छ राष्ट्रपतिले त्यसलाई मान्न इन्कार गर्न सक्नुहुन्छ । तर, त्यसका लागि यो कारणले यो निर्णय कानुनभन्दा बाहिर छ । कानुनको बर्खिलाप राष्ट्रपति पनि जान मिल्दैन पुनर्विचार गर भनेर भन्न सकिन्छ ।

रिगलको सम्बन्धमा भएको सरकारको निर्णय सर्वोच्चले बदर गरेपछि त्यो निर्णय गर्ने र अनुमोदन गर्नेको नैतिकता के हुन्छ भन्ने पनि प्रश्न त उठेको छ । तर, अहिलेको नेताहरुको चरित्र हेर्दा यो नैतिकताको प्रश्न हाम्रा नेताहरुबाट हटाइदिए हुन्छ । उहाँहरुमा नैतिकता भन्ने कुरा देखिँदैन । नेताहरुको नैतिकता भनेको जसरी पनि सत्तामा बसिरहने र टिकिरहने मात्र हो । यदि नैतिकता हुने हो भने सर्वोच्च अदालतको यो निर्णयपछि उहाँहरुले नैतिकताको आधारमा राजीनामा गर्नुपर्ने हो ।

अहिलेसम्म कुनै पनि नेताले गरेको निर्णयलाई अदालतले गलत ठहर्याएपछि राजीनामा गरेको उदाहरण नै छैन । अब त्यो नजिर नै छैन भने अहिलेको नेताहरुले त्यो गर्नुहुन्छ भन्ने अपेक्षा गर्नु नै बेकार छ । (वरिष्ठ अधिवक्ता भण्डारीसँगको कुराकानीमा आधारित)

*साभार: उज्यालोअनलाइन*

# ओलिभ आयल वास्तवमै स्वास्थ्यवर्द्धक हो त ?



✍ रेणु त्वानाबासु



काठमाडौं / बजारमा उपलब्ध तेलमध्ये धेरैले जैतुनको तेल अर्थात् ओलिभ आयललाई सबैभन्दा राम्रो भनेको सुनिन्छ । धेरैजसो भूमध्यसागरीय देशमा उत्पादन हुने यो तेल नेपालमा उत्पादन हुँदैन ।

युरोप, उत्तर अमेरिकाका देशका उपभोक्तामाझ ओलिभ आयल स्वस्थ तेलको रुपमा स्थापित छ । नेपालमा पनि यसलाई रुचाउने धेरै छन् । के साँच्चै नै नेपालमा पाइने तोरीको वा अन्य तेलभन्दा ओलिभ आयल गुण फरक हुन्छ ?पोषणविद् उमा कोइराला भन्छिन्, 'नेपालमा पाइने तोरीको तेल र ओलिभ तेलमा पाइने सूक्ष्म पोषक तत्व एउटै पाइन्छ । जैतुनको तेलमा पाइने ओमेगा थ्री र सिक्स फ्याटी एसिड, एन्टी अक्सिडेन्ट, भिटामिन ई र डी तोरीको तेलमा पनि हुन्छ ।'कोइरालाका अनुसार जैतुनको तेल नेपालमा पाइने तोरीको तेल जस्तै हो । 'मान्छेलाई आफूसँग जे छैन त्यही राम्रो लाग्छ । जैतुनको तेल पनि यस्तै हो,' उनी भन्छिन्, 'नेपालमा आृनो देशमा नपाइने र महंगो चीज जुन पनि राम्रो मान्ने प्रवृत्ति छ ।'

बजारमा पाइने भर्जिन ओलिभ आयल, एक्स्टा भर्जिन ओलिभ आयल सबै तेल शुद्ध नहुने उनी बताउँछिन् । '४०-५० किलो जैतुनबाट जम्मा तीन लिटर मात्र तेल निस्कन्छ । यसैगरी यो विशेष सिजनमा मात्र फल्ने फल हो बाह्रै मास फल्दैन,' उनी भन्छिन्, 'त्यसैले प्याकेजिङमा भर्जिन वा पियर लेख्दैमा शुद्ध हुँदैन ।'

तर वरिष्ठ खाद्य अनुसन्धान अधिकृत विमलकुमार दाहाल भने बजारमा पाइने ओलिभ आयल मापदण्ड अनुसार शुद्ध भएको दाबी गर्छन् । ओलिभ आयल धेरैजसो बाहिरबाटै प्याकिङ गरेर आउने भएकाले गुणस्तर राम्रो नै हुने उनको भनाइ छ ।जैतुनको तेल उत्पादन हुने देशमा तोरीको तेल जस्तै जुनसुकै खानेकुरा प्रयोग गरिन्छ । यसलाई दुखेको बेला मालिसको रुपमा लगाउने, कस्मेटिक सामानमा प्रयोग गर्ने पनि गरिन्छ । कस्मेटिक सामानमा प्रयोग गर्ने भएर पनि मान्छेले यसलाई राम्रो मान्ने पोषणविद् कोइराला बताउँछिन् ।

'जैतुनको तेल उत्पादन हुने देशमा कस्मेटिक सामानको उत्पादन हुन्छ । त्यही भएर जैतुनको तेल प्रयोग हुने हो । नेपालमा पनि तोरीको तेल धेरै आयुर्वेदिक औषधिमा प्रयोग गरिन्छ । किनकि हाम्रो देशमा आयुर्वेदिक औषधिको उत्पादन हुन्छ,' उनी भन्छिन् ।

त्यसैले जैतुनको तेल नै सबैथोक हो, स्वस्थ रहनको लागि यो नभई नहुने भन्ने होइन । जैतुनको तेल प्याकेजिङ गरेको करिब १५ महिनाभित्र प्रयोग गरिसक्नुपर्छ । लामो समयसम्म भण्डारण गरेर राख्दा यसको गुण नष्ट हुने सम्भावना हुन्छ ।यसबाट तोरीको तेलले जस्तै जैतुनले पनि क्यान्सरको खतरा घटाउन, जोर्नी दुख्ने बाथ रोगको समस्या कम गर्न, खराब कोलेस्टेरोल घटाएर राम्रो कोलेस्टेरोल बढाउन मद्दत गर्छ ।

मुटुरोगको समस्या, मस्तिष्क, आन्द्रा, कलेजो, मिर्गौलासम्बन्धी समस्या न्यूनीकरणका लागि पनि मद्दत गर्ने पोषणविद् कोइराला बताउँछिन् । ओलिभ मेसिनको सहायताले बनाइन्छ । ओलिभ आयलका तीन फुड ग्रेड हुन्छन्, साधारण, फाइन र एक्स्ट्रा ओलिभ आयल हुन् । जुन शुद्ध जैतुनको तेलमा दुई रासायनिक मिसाएर बनाइन्छ । जसमा ट्राइग्लिसराइड्स (९७ देखि ९९ प्रतिशत) र माइनर घटकहरू (एकदेखि तीन प्रतिशत) गरिन्छ ।

*साभार: अनलाइनखबर*

# किसानहरुलाई फूल टिप्ने चटारो, आयातित फूलका कारण बजार नपाउने चिन्ता

बुटवल /नेपालीहरूको दोस्रो ठूलो चाड तिहार आउन केही दिन मात्र बाँकी छ । फूलहरुको पर्वका रुपमा समेत चर्चा गरिने तिहारका लागि फूल उत्पादन गर्ने किसानहरूलाई फूल टिप्न र माला बनाउने चटारो छ ।

नेपाल फूलका लागि करिब आत्मनिर्भरताको अवस्थामा पुगेको छ । तर भारतीय बजारबाट नेपाल आउने विभिन्न किसिमका फूल र प्लास्टिकको मालाका कारण नेपाली किसानहरू मारमा छन् । भारतबाट आउने फूलहरु नेपाली उत्पादन भन्दा केही सस्तो हुने गर्दछ । त्यस्ता फूलहरु रासायनिक मल राखेका कारण गुणस्तरहीन हुने दाबी नेपाली किसानको छ । अर्को कुरा भारतमा उत्पादन लागत कम हुने कारणले पनि नेपाली किसानहरूले भारतीय फूलसँग प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । सानो परिमाणमा खेती गर्ने नेपाली किसानहरू लागत नउठ्ने हो कि भन्ने चिन्तामा छन् ।



पछिल्लो समय नेपालमा फूल खेती गर्नेक्रम भने बढ्दो छ । बुटवल उप-महानगरपालिका वडा नम्बर १५ मा रहेको कृषि अध्यापन गराउने विद्यार्थीले सुरुवात गरेको कृषि फार्ममा अहिले मखमली र सयपत्री फूलका माला तयार छन्। नेपालीहरूको दोस्रो ठूलो चाड तिहार फूलको पर्वका रूपमा समेत चिनिन्छ। बुटवल १५ मा रहेको फोकस मल्टी एग्रो कन्सर्न एण्ड रिचर्स सेन्टरमा ओजेटिको लागि आएका कृषि पढ्ने विद्यार्थीहरू अहिले धमाधम फूलको माला तयार गर्न व्यस्त छन् । सो फार्मका म्यानेजिङ्ग डाइरेक्टर राजेश कुँवरका अनुसार मखमली र सयपत्री फूलले तिहार कुरिरहेको छ। व्यावसायिक रूपमा यो क्षेत्रमा नै ३५ सय बढी सयपत्री फूलको माला उत्पादन गर्ने योजनासहित फार्ममा अहिले काम भइरहेको हो। १० हजार किलो फूल उत्पादन हुने अनुमान छ । निर्माण गरिएको फूलका माला स्थानीय कृषि सहकारीले निर्माण गरेको कोल्ड चेम्बरमा भण्डारण गरेर राखिएको छ। १५ कट्ठा क्षेत्रफलमा अहिले व्यावसायिक सयपत्री र मखमली फूल खेती उनीहरूले गरेका हुन्। बुटवल उपमहानगरपालिका वडा नम्बर-१५ चम्कीपुरमा रहेको यो फार्ममा फूल खेतीको अलावा ड्रागन खेती र अन्य फलफूल पनि खेती गरिएको छ। जग्गा भाडामा लिएर व्यावसायिक फर्म सुरुवात गरेका हुन्। बुटवलमा फूल खेती गर्दै आएका उनीहरूले विभिन्न स्थानमा सयपत्री खेती तालिम समेत दिँदै आएका छन्। उनीहरूले अहिले रोल्पा, अर्घाखाँची, दाङ जिल्लामा पनि फूल खेती त्यहाँको समूहमार्फत गर्दै आएका छन् । २ लाख लगानीमा यो पटक फूल खेती गरेका उनीहरूले तिहारको बेला सबै फूल खपत भएमा आम्दानी हुने अपेक्षा गरेका छन्। अहिले सम्म करिब ६० देखि ७० हजारसम्मको फूलको माला बिक्री भइसकेको छ।

उत्पादन गरेको फूलको भण्डारणका लागि समस्या छ। उनीहरूले उत्पादन गरेको माला भण्डारण गरी राख्नको लागि कोल्ड चेम्बर, कोल्ड स्टोरको अभाव छ। जसको कारण पनि पहिला नै उत्पादन गरेका माला राख्न समस्या भएको हो । उनीहरूले स्थानीय बुटवल जैविक कृषि उत्पादन सहकारी संस्थाले निर्माण गरेको कोल्ड चेम्बरमा लगेर राख्ने गरेका छन्। तर सो चेम्बर सानो छ। भाडामा लिएर उत्पादित माला राख्दा यसको लागत समेत बढ्ने गरेको किसानको गुनासो छ । उत्पादन भएको फलफूल र मार्केटिङ्गको लागि समेत ल्याइएको फलफूल राख्नको लागि सरकारी निकायबाट एउटा कोल्ड चेम्बर वा स्टोरको माग गरिएको फार्म सञ्चालकहरू बताउँछन्।

उत्पादन भएको फूलको बिक्रीका लागि विभिन्न होलसेल व्यवसायीहरूले अहिले पनि बुकीङ्गको लागि माग गर्ने गरेका छन्। तर फार्म सञ्चालकले भने आफैं बुटवल बजारमा लगेर फूलको माला बिक्री गर्ने योजना बनाएका छन्। अन्यत्र भन्दा मालामा २० रूपैयाँ सस्तो र किलोमा ५० रूपैयाँ सस्तोमा फार्मबाट नै बिक्री गर्ने समेत व्यवस्था गरिएको छ।

प्रबन्ध सञ्चालक राजेक कुँवर भन्छन्‘किसानको पिडा किसान लाई नै थाहा हुन्छ, हामी यो पटक आफै बुटवलमा गएर माला बिक्री गर्ने योजना बनाएका छौं, हरौ के हुन्छ।’ फार्मबाट ५ सय देखि ५ सय ५० रूपैयाँ प्रतिकिलोमा सयपत्री फूल बिक्री भइरहेको छ। यस्तै फोकसले कट फलावार समेत बिक्री गर्दै आएको छ। स सानो पिसमा विभिन्न सभा समारोहमा उनीहरूले कट फल्वार को माला, स्वागत गुच्चा लगायतका डेकोरेसनको लागि समेत माला उपलब्ध गराउँदै आएका छन् । फोकस मल्टी एग्रो कर्न्सनमा सञ्जय अर्याल, किरण तिमसीना, सरोन भट्टराई सञ्चालक हुन्। उनीहरू सबै एमएस्सी एग्रीकल्चर पढेका विद्यार्थीहरु हुन्।

**भारतीय फूल र पलाष्टिकको मालाका कारण समस्या**

नेपालमा पुष्प व्यवसाय र उत्पादन फस्टाउँदै गएको भनिएपनि हरेक वर्ष करोडौं मूल्यका फूल तथा माला भित्रिने गरेको छ । सबैभन्दा बढी फूल तथा मालाको माग हुने तिहारका लागि यो वर्ष पनि रुपन्देही आसपासका क्षेत्रमा व्यवसायीहरूले भारतबाट माला भित्र्याइसकेका छन् । उनीहरूका अनुसार रुपन्देहीमा तिहारका लागि मात्रै करिब ३० हजार बढी माला आयात गरी सित भण्डारणमा राख्ने काम भइसकेको छ । कोरोना महामारीले गत वर्ष कम माग भएपनि यो वर्ष फूल तथा मालाको माग बढ्ने हुँदा तिहार सम्ममा ८० हजार बढी माला भारतबाट नेपाल भित्रिने व्यवसायीहरूको अनुमान छ ।

सीमा नाकामा फूल आयातका लागि सरकारले केही कडाइ गरेपनि विभिन्न माध्यमबाट अवैध तरिकाले समेत फूल भित्रिने गरेको व्यवसायीहरु स्वीकार गर्छन् । बेलहिया भन्सार कार्यालयले भने भारतबाट फूल तथा माला भित्र्याउने क्रममा अनिवार्य क्वारेन्टिन प्रमाणपत्र लगायतका कानुनी प्रक्रियाहरूलाई कडाईकासाथ पालना गराइएको बताउँछ । यसरी भारतबाट भित्रिने माला प्रति गोटा ८० देखि ९० रूपैयाँसम्म पर्ने गर्दछ ।

हरेक वर्ष तिहारमा रुन्पदेहीमा भारतबाट ८०/९० हजार फूलका माला भित्रिने गरेको व्यवसायी हरि कुवंर बताउँछन् । सरकारले यस वर्षदेखि मूल्य अभिवृद्धिको सीमा तोकेका कारण फूल र मालाको मूल्य बढ्ने अवस्था रहेको व्यवसायीहरूको दाबी छ ।

**सियारीमा पलाष्टिकको माला प्रतिबन्ध**

रुपन्देहीको सियारी गाउँपालिकाले दिपावली लगायतका चाडपर्वहरूमा प्लास्टिकका फूलमालाहरू तथा आयातित फूलमालाहरू प्रयोग नगर्न आग्रह गरेको छ । स्थानीय स्तरमा उत्पादित फूलका मालाहरुको प्रयोग गरी स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्दै किसानलाई सहयोग गर्न गाउँपालिकाले सबैलाई आग्रह गरेको छ । पालिका अध्यक्ष थानेश्वर घिमिरेले पालिकामा आयतित मालाको पुर्णरुपमा प्रतिबन्ध लगाइएको भन्दै त्यस्तो बिक्री वितरण गरेको पाईएमा जफत गर्ने बताए । रुपन्देहीमा १६ वटा पालिका रहेका छन् ।

## १२ बुँदे समझदारीमा हस्ताक्षर गरेका दलहरू बैठक

# व्यवस्थाबारे गम्भीर छलफल



प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले २०६२/६३ को जनआन्दोलनमा सक्रिय र १२ बुँदे समझदारीमा हस्ताक्षर गरेका दलहरूलाई मंगलबार बैठकमा बोलाए।

धेरैलाई लागेको थियो, उक्त बैठकमा जाजरकोट र रूकुम पश्चिममा गएको भूकम्प, त्यसको असर, राहत र पुनर्स्थापनाबारे छलफल हुनेछ । तर, भूकम्प प्रभावित क्षेत्रबारे बैठकमा छलफल नै भएन । बरू गणतन्त्र ल्याउन भूमिका खेलेका दलहरूमाथि अन्धाधुन्ध प्रहार भइरहेको भन्दै त्यसबारे ‘गम्भीर’ समीक्षा भयो ।

गणतन्त्रवादीहरूमाथि प्रहार भइरहेको भन्दै प्रधानमन्त्री प्रचण्डले पछिल्लो समय अलि बेसी नै दिक्दारी पोखिरहेका छन् । उनीसँग हो मा हो मिलाइरहेका छन्, एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल । तर, प्रचण्ड राज्यसत्ताको नेतृत्वमा भएकाले होला, उनको आवाज अलि चर्को सुनिन थालेको छ ।

गत असोज २० गते माओवादी नेता राम कार्कीले लेखेको ‘समता, समाजवाद र मुक्त दुनियाँ’ नामक किताब बिमोचन बेला विश्लेषक झलक सुवेदीले सबै आँधीबेहरी र आन्दोलनको नेतृत्व गरिरहेका प्रचण्ड नै सरकारको नेतृत्वमा हुँदा पनि मान्छेमा किन निराशा बढिरहेको छ भनेर प्रश्न गरेका थिए ।

‘मान्छेमा किन निराशा छ, यसको कारण छ कि छैन ? यसको कारण राज्यमा बस्नेले खोजी गर्नुपर्छ कि पर्दैन ?’ सुवेदीले प्रचण्डतिरै फर्किएर सोधेका थिए ।

त्यसबेला प्रचण्डको हाउभाउबाट प्रस्टै हुन्थ्यो, उनलाई सुवेदीको प्रश्नले पोलेको छ । ‘हामीले काम गरिरहेका छौं, तर बुद्धिजीवीहरूले किन जहिले पनि नकारात्मक कुराहरू मात्रै गर्नुहुन्छ ?’ प्रचण्ड झर्किए ।

उनले त्यस बेला आफ्नो समीक्षा त गरेनन् नै, आफूमाथि आइलागेका प्रश्नहरूसँग बरू असन्तुष्टि जनाए ।

त्यसयता उनले निरन्तर गणतन्त्र र गणतन्त्र ल्याउन भूमिका खेल्ने नेताहरूमाथि प्रहार भइरहेको भन्दै सार्वजनिक मञ्चहरूमार्फत् बोलिरहेका छन् । मंगलबार गणतन्त्रका पक्षधरहरूलाई बोलाएर पनि उनले गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतामाथि प्रहार भइरहेको अभिव्यक्ति दिए । तर, यो व्यवस्थामाथि कसले प्रहार गरिरहेको हो भनेर प्रधानमन्त्री प्रचण्डले न प्रधानमन्त्री कार्यालयको सभाहलमा भएको नौ दलको बैठकमा भने, न त बाहिर निस्किएर सञ्चार कर्मीहरूलाई नै बताए ।

‘कसैसँग पनि हामी तर्सेका छैनौं । संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति सबै दलबाट साझा प्रतिबद्धता आएको छ,’ प्रचण्डले पत्रकारहरूसँग भने। कसैसँग नतर्सिएको हो भने संविधान नै प्रतिबद्ध रहेको व्यवस्थामाथि फेरि उनै दलहरूले प्रतिबद्धता दोहोर्‍याउनुपर्ने कारण के हो ?

माओवादी केन्द्रकी उपाध्यक्ष पम्फा भूसाल भन्छिन्, ‘हामीले काम गर्छौं भनेर बाचा गरेका जनतासँग जोडिएका कतिपय विषय चाहेर या नचाहेर पूरा गर्न सकेनौं, अहिलेको असन्तुष्टि त्यसैको अभिव्यक्ति हो ।’

अहिले कांग्रेस, एमाले, माओवादी, नेकपा एकीकृत समाजवादी, जसपा, नेसपा लगायतको नेतृत्वमा रहेका नेताहरूको राजनीतिक इतिहास कम्तिमा ५० वर्षको छ । यिनै नेता पार्टीको नेतृत्वमा हुँदा मुलुक त के, आफ्नै पार्टीसमेत बन्न सक्दैन भन्ने असन्तुष्टिको आवाज कतै ठूलो स्वरमा र कतै मसिनो गरी गुञ्जिएकै छ । कांग्रेस संसदीय दलको नेता बन्न महामन्त्री गगन थापाले पार्टी सभापतिसमेत रहेका शेरबहादुर देउवाविरूद्ध दिएको उम्मेदवारी होस् या दसौं महाधिवेशनमा एमाले अध्यक्ष ओलीविरूद्ध भीम रावलले गरेको विद्रोह त्यसैका उदाहरण हुन् ।

एमालेसँग फुटेर बनेको नेकपा एकीकृत समाजवादीका नेताहरू माधव नेपाल अध्यक्ष रहँदासम्म पार्टी बन्न सक्दैन भनेर खुलमखुल्ला नै भन्ने गर्छन् । एमाले नेताहरू सार्वजनिक मञ्चमा त बोल्न सक्दैनन्, तर आन्तरिक समीक्षाहरूमा उनीहरू पनि भन्छन्, ‘केपी ओली एमालेका आजीवन अध्यक्ष हुन् तर, त्यतिन्जेलसम्म यो पार्टी सकिन्छ।’

कुराकानीकै सिलसिलामा माओवादी केन्द्रका एक पदाधिकारीले हामीसँग भनेका थिए, ‘यही तौरतरिका हो भने हाम्रा अध्यक्ष प्रचण्ड र हाम्रो पार्टी माओवादी सँगसँगै सकिन्छन् ।’ पार्टीको पनि नेतृत्व गरिरहेका यी नेताहरूबाट संगठन त चल्न सक्दैन भन्ने निष्कर्षमा उनीहरूकै कार्यकर्ता पुगेका छन् भने जनताले के आधारमा विश्वास गर्ने ? किन विश्वास गर्ने?

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार यस्ता प्रश्न उठिरहेकोमा दु:ख मनाउ गर्नुभन्दा पहिले किन प्रश्न उठिरहेको छ भनेर जवाफ खोज्नुपर्ने बताउँछन् । ‘यसमा दुईवटा कारण छन् । पहिलो त हामीले जुन खालको आन्दोलन गर्यौं र आन्दोलनपछिको व्यवस्था कायम गर्यौं, त्यसले राजनीतिक पार्टीका नेतृत्वको चरित्रमा परिवर्तन गरिएन । प्रगतिशिल आन्दोलन गर्ने तर, आफूचाहिँ दक्षिणपन्थी बन्ने बाटोमा दलका नेतृत्वहरू गए,’ परियारले भने, ‘दोस्रो व्यवस्थाको कुरा हो । राजालाई हटाएर राजैजस्तो बन्ने हाम्रो शासन कायम रहयो । जनताले पाउने कुरामा खास भिन्नता भएन । यसले आलोचना हुन्छ, प्रश्न पनि उठ्छ ।’

२०६२/६३ को जनआन्दोलनअघिको राजनीतिक परिस्थिति फरक थियो । त्यसयताका १७ वर्षमा सत्ताका वरिपरि कांग्रेस, एमाले र माओवादी नै छन् । यो परिवर्तन उनीहरूले गरेका हुन् । संविधान उनीहरूले नै ल्याएका हुन् ।

राजनीतिक परिवर्तन गर्न यी दलहरू जति सक्रिय र एकताबद्ध थिए, त्यसपछिको आर्थिक सामाजिक परिवर्तनमा उनीहरूको तदारूकता शून्यप्राय देखियो । ०६४ को संविधानसभा चुनावपछि ०७२ मा संविधान नबनुञ्जेलका आठ वर्ष दलहरूले संविधान निर्माण प्रक्रियामा ध्यान केन्द्रित गरे भनेरमात्रै मन बुझाउने हो भने पनि त्यसपछि के गरे त ?

यसबीच २०७२ को भूकम्पले थिलथिलो परेको जमिनजस्तै जनजीवन पनि उस्तै लयमा फर्किन सकेको छैन । कोरोनाले क्षतविक्षत पारेको जीवन र कोरोनाकालमै शासकहरूले जनतालाई दिएको चोट पुरिएकै छैन ।

संकट बेला झन्डै दुईतिहाइ बहुमतसहित सत्तामा नेतृत्व गरेको तत्कालीन नेकपाभित्रको छिनाझप्टी न जनताले बिर्सिएका छन् न उनका कार्यकर्ताले ।

कोरोनाकालपछि नै बिग्रिएको अर्थतन्त्रले तत्कालै टाउको उठाउन सक्ने अवस्था नै नभएपछि प्रधानमन्त्री स्वयम्ले सबै सरोकारवाला पक्षको सहभागितामा गोलमेच बैठक आयोजना गर्ने तयारी गर्दैछन् । यस्तो परिस्थितिमा जनताको तहबाट असन्तुष्टिभन्दा अर्को के आउन सक्छ ?

एमाले उपमहासचिव प्रदीप ज्ञवाली परिवर्तनको लाभांश जनताले पाउन नसकेपछि प्रश्नहरू उठेको र त्यसलाई व्यवस्थामाथिको प्रश्नका रूपमा व्याख्या गर्न नमिल्ने बताउँछन् ।

‘राजनीतिक परिवर्तन त्यतिबेला बलियो हुन्छ, जतिबेला लाभ जनताले पाउन सक्षम हुन्छन् । अहिले प्रणालीको लाभ माथिल्लो वर्गले पाइरहेकाले प्रणालीले निर्माण गर्ने आदर्शको तीव्र स्खलन भइरहेको छ । त्यसैले यो परिवर्तनसँग जनता जोडिन पाएनन् । कतिपय अवस्थामा जनतालाई जोड्न नसकिएको हो, कतिपय अवस्थामा प्रयास नै नगरिएको हो,’ ज्ञवालीले भने, ‘त्यसैले यो असन्तुष्टि व्यवस्थाप्रति त होइन नै, दलहरूप्रति पनि होइन नेतृत्वप्रति हो।’

एमाले उपमहासचिव ज्ञवालीले व्यवस्थाप्रति जनता असन्तुष्ट छन् भनेर त्यसबेलाको परिवर्तनमा सक्रिय नभएका तर अहिले राजनीतिक शक्ति बनेकाहरू रहेकाहरूले व्याख्या गरिरहेको बताए । उनको संकेत अहिले उदाउँदै गरेका केही स्वतन्त्र शक्तिहरू रास्वपा, जनमतलगायत संसदको नयाँ शक्ति र राप्रपाजस्ता केही पुराना राजनीतिक शक्तिप्रति छ, जो लोकतन्त्र प्राप्तिको आन्दोलनमा सडकमा थिएनन् ।

कहिलेकाहीँ भने पात्रहरूका कारण पनि व्यवस्था जोखिममा पर्ने विश्लेषण ज्ञवालीको छ । ‘असन्तुष्टि गणतन्त्रप्रतिको बिल्कुल होइन,’ ज्ञवालीले भने ‘कहिलेकाहीँ पात्रहरूका कारण पनि प्रणाली जोखिममा पर्छ । अहिले त्यस्तै भइरहेको छ भन्न थालिएको छ ।’

गत निर्वाचनमा नयाँ शक्तिका रूपमा रास्वपा उदायो, जसले अहिलेको व्यवस्थालाई प्रश्न गरेको छैन । चुनावकै बेला उसले तय गरेको नारा नै ‘व्यवस्था बदल्यौं, अब अवस्था बदलौं’ भन्ने थियो । राप्रपाले पनि आफ्नो मत संख्या बढाएकै हो । २०७४ को निर्वाचनमा जम्मा १ सिट जितेको राप्रपाले ०७९ को निर्वाचनमा १४ सिट ल्यायो ।

संसदको सिटलाई आधार मान्ने हो भने अहिले मुलुकमा करिब ५ प्रतिशत जनतामात्रै गणतन्त्रको विपक्षमा छन् । यही आधारमा व्यवस्थाका विपक्षीहरूले प्रश्न उठाए भनेर ९५ प्रतिशतको संख्यामा रहेका गणतन्त्रवादीहरू तरंगित हुन मिल्छ ? ‘मिल्दैन’ नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भूसाल भन्छन्, ‘अहिले हाम्रो नेतृत्वको चरित्रका कारण राज्य र जनताको सम्बन्ध टुट्दै गएको चाहिँ हो ।’

जनतासँग प्रत्येक घडीमा गरिएका कबुलहरू पूरा गर्न नसकिएका कारण प्रश्न उठेको उनले बताए । उनको निष्कर्षमा अहिलेको समाज व्यवस्थासँग होइन, व्यवस्थालाई व्यवस्थापन गर्ने नेतृत्वसँग रिसाएको हो ।

‘समाजका इच्छा परिवर्तनशील हुन्छन्, लोकतन्त्रमा त झन् परिवर्तनशील हुन्छन् । राज्यले समाजको चाहनाअनुसार आफूलाई पनि परिवर्तन गर्दै गयो भने त्यसको वैधता रहन्छ । नत्र राज्यसँग बन्दुक, कानुन र आदेश मात्रै रहन्छ । राज्यमाथि संकट आउने त्यहीँबाट हो,’ भूसालले भने, ‘२००७ सालमा हामीले नयाँ जिन्दगीको कुरा गरेका थियौं, त्यसमा गडबडी भयो । ०४६/४७ र ०६२/६३ मा पनि हामीले नयाँ जिन्दगीकै कुरा गरेका थियौं, त्यसमा पनि गडबडी भयो । हाम्रो गडबडीले जनतामा निराशा थपेको हो ।’

राजनीतिक परिवर्तनपछि सुशासन र रोजगारीमा केन्द्रित हुनुपर्नेमा त्यसो गर्न नसकिएकाले अहिले असन्तुष्टिहरू खडा भएको भूसालको तर्क छ ।

‘म व्यवस्थामाथि संकट आइसकेको ठान्दिनँ । बरू असाध्यै ठूलो लोकतान्त्रिक जनमत खडा भएको भने हो । त्यो गणतान्त्रिक जनमतलाई हामीले बाटो दिनुपर्ने हो, सकिएको छैन,’ भूसाल भन्छन्, ‘नयाँ क्रान्तिकारीहरूले विद्रोह गरेर जितेपछि आफैंलाई मालिक घोषणा गरे, समस्या यहीँनिर छ।’

गर्न त नेताहरूले आर्थिक समृद्धि र सुशासनका कुरा गरे । तर, उनीहरूले संविधानले नै घोषणा गरेका ३१ वटा आधारभूत मौलिक अधिकार कार्यान्वयनका लागि कानुन बनाउन ढिलै गरे । कार्यान्वयनका कार्यविधि अहिलेसम्म बनेकै छैनन् । यसो हुँदा पाउनै पर्ने मौलिक हकबाट समेत नागरिक वञ्चित छन् ।

जनताको आधारभूत आवश्यकतासमेत पूरा गर्न नसक्ने राजनीतिक नेतृत्व आलोचनाविहीन हुनै सक्दैन । सम्भवत: त्यसैले कांग्रेस महामन्त्री गगन थापाले भनेका हुन्, ‘तपाईं शीर्ष नेताहरूले यो व्यवस्थामा गर्न र दिनसक्ने सबै योगदान दिइसक्नुभयो। अब सक्रिय राजनीतिबाट विश्राम लिइदिनुभयो भने यो व्यवस्थालाई कसैले केही गर्नै सक्दैन । यो व्यवस्थालाई बलियो बनाउन तपाईंहरू एकजुट भएर यही एउटामात्रै काम गरिदिनुहोस्। इतिहासले तपाईंहरूलाई अझै श्रद्धापूर्वक सम्झिने छ, सम्मान गर्नेछ । र, गणतन्त्रविरूद्ध जस्ता अराजक आवाजहरू उठिरहेका छन्, ती अराजक आवाजहरू आफैं हराउँदै जानेछन् । आम जनतामा व्यवस्थाप्रतिको विश्वास अझै मजबुत हुनेछ ।’

# हनी सिंह र सालिनीले गरे सम्बन्ध विच्छेद



भारतीय ऱ्यापर हनी सिंहले सम्बन्ध विच्छेद गरेका छन्। बिहे गरेको १२ वर्षपछि उनले श्रीमती सालिनी तलवारसँग सम्बन्ध विच्छेद गरेका हुन्। भारतीय सञ्चारमाध्यम बलिउड लाइफका अनुसार दिल्लीको परिवारिक अदालतले उनीहरूलाई सम्बन्ध विच्छेदलाई अनुमति दिएको हो। साढे २ वर्षदेखि उनीहरूको सम्बन्ध विच्छेद मुद्दा अदालतमा चलिरहेको थियो।

सालिनीले हनीविरुद्ध घरेलु हिंसाको आरोप लगाएकी थिइन्। उनले हनी सिंह र उनको परिवारबाट पटक-पटक शारीरिक, मानसिक र भावनात्मक दुर्व्यवहारमा परेको बताएकी थिइन्। उनका अनुसार उनले आफ्नो विवाहको फोटो सामाजिक सञ्जालमा हालेको ठानेर रिसमा हनी सिंहले निर्दयी ढंगले पिटेका थिए। हनी बाहिर अन्य महिलासँग पनि सम्बन्धमा रहेको र ‘ब्राउन रङ दे गीत’ को सुटिङको क्रममा एक महिला सहकर्मीसँग शारीरिक सम्बन्ध राखेको सालिनीले दाबी गरेकी थिइन्। यसैविरुद्ध उनले १० करोड भारू क्षतिपूर्तिको माग गरेकी थिइन्।

केही समयपछि दुवै पक्षबीच सहमति भएपछि सालिनीले मुद्दा फिर्ता लिएकी थिइन्। अदालतले हनीलाई सालिनीसँग आफ्नो वैवाहिक सम्बन्धलाई अर्को अवसर दिन चाहन्छौं भनेर सोध्दा हनीले सालिनीसँग बस्नु कुनै औचित्य नभएको बताएका थिए।

हनी र सालिनीले सन् २०११ मा विवाह गरेका थिए। तर सन् २०१४ मा आएर मात्र हनी सिंह वैवाहिक पुरुष हुन् भन्ने खुलासा भएको थियो। उनले आफ्नो गायन करियरमा बाधा नआओस् भन्ने उद्देश्यका साथ वैवाहिक सम्बन्धबार बोलेका थिएनन्।

# दोलखाको ११ किलो सुन प्रकरणमा थप एक महिला पक्राउ



काठमाडौं / दोलखाबाट बरामद भएको ११ किलो सुन प्रकरणमा जोडिएकी एक महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा दोलखाकी महिमा माझी रहेकी छन् ।उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले मंगलबार काठमाडौंको माछापोखरीबाट पक्राउ गरेको सीआईबीका एसपी नवराज अधिकारीले जानकारी दिए । उनलाई थप अनुसन्धानको लागि दोलखा पठाइएको छ । दोलखा प्रहरीले १० असोजमा ११ किलो सुनसहित चारजनालाई पक्राउ गरेको थियो । सो प्रकरणमा हालसम्म १४ जना पक्राउ परिसकेका छन् ।

**साउथ एसियन ब्रुअरी प्रा. लि. उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८०/७/२३)

बाग्मती प्रदेश, मकवानपुर जिल्ला, हेटौडा उप महानगरपालिका वार्ड न. ८ को हेटौडा औद्योगिक क्षेत्रमा साउथ एसियन ब्रुअरी प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | साउथ एसियन ब्रुअरी प्रा.लि.<br>बाग्मती प्रदेश, मकवानपुर जिल्ला, हेटौडा उप महानगरपालिका वार्ड न. ८, को हेटौडा औद्योगिक क्षेत्र<br>ईमेल : southasianbrewery@gmail.com<br>फोन नं. : ९८०२३४९९७५ |
| प्रस्तावको व्यहोरा | बियर २००,००० हेक्टो लि. उत्पादन |
| प्रभाव पर्न सक्ने जिल्ला न. पा. / गा. पा. | बाग्मती प्रदेश, मकवानपुर जिल्ला, हेटौडा उप महानगरपालिका वार्ड न. ८, को हेटौडा औद्योगिक क्षेत्र |
| कित्ता नं. हरु | Plot no. A.1” |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

हेटौडा उप महानगरपालिका वार्ड न. ८, को कार्यालय


प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | साउथ एसियन ब्रुअरी प्रा. लि.<br>बागमती प्रदेश, मकवानपुर जिल्ला, हेटौडा उप महानगरपालिका वार्ड न. ८, को हेटौडा औद्योगिक क्षेत्र<br>ईमेल : southasianbrewery@gmail.com<br>फोन नं. : ९८०२३४९९७५ |
| परामर्शदाताको नाम र ठेगाना | कम्प्लिट इन्भाइरोमेन्ट मेनेजमेन्ट सोलुसन प्रा. लि.<br>का.म.न.पा. वडा नं. ९, बतिसपुतली, काठमाडौं, नेपाल<br>ईमेल : completeenvironment@gmail.com<br>फोन नं : 01-4110204+9852020823 |

# मिस वर्ल्ड सरेको सर्‍यै गर्दा मिस नेपालको ‘लाइनअप’ प्रभावित हुने जोखिम

काठमाडौं / मिस वर्ल्ड प्रतियोगिता सरेको सर्‍यै गर्दा ‘मिस नेपाल’को लाइनअप प्रभावित हुने जोखिम देखिएको छ । मिस वर्ल्ड अर्गनाइजेसनले डिसेम्बरमा भारतको दिल्लीमा गर्ने भनेको फिनाले पुन: स्थगित गरेको छ ।

सुरुमा यूएईको दुबईमा गर्ने भनेर घोषणा गरिएको फिनालेलाई त्यसपछि भारतमा सारियो । डिसेम्बरमा दिल्लीमा मेयरको चुनाव हुने कारण दर्शाउँदै पुन: स्थगित भएको छ ।फिनालेको मिति सरेको यो तेस्रोपटक हो । कोरोना महामारीको कारण दुई वर्ष रोकिएको मिस वर्ल्डको फिनाले अहिलेको सामान्य अवस्थामा पनि आयोजना हुन मुस्किल भइरहेको छ । यसको



कारण नखुलाइए पनि मिस नेपालको आयोजक संस्था द हिडन ट्रेजरलाई मिति सरेको मात्र भनिएको छ ।

सन् २०२२ कै संस्करण अहिलेसम्म हुन सकेको छैन । जसले गर्दा सोही वर्षकी मिस नेपाल वर्ल्ड विजेता प्रियंकारानी जोशी एक वर्षदेखि नै तयारीमा व्यस्त छिन् । प्रियंकाले मिति सरे पनि आफू आशावादी ढंगले तयारीमा जुटेको बताइन् । नियमानुसार सन् २०२३ का लागि सृच्छा प्रधान मिस वर्ल्डमा जानुपर्ने हो तर हिडन ट्रेजरले २०२२ की विजेता प्रियंकालाई नै पठाउने निधो गरिसकेको छ । यदि सन् २०२३ भित्र पनि नहुने हो भने मिस नेपालकै लाइनअप प्रभावित हुने मात्र होइन, हिडन ट्रेजरमाथि दबाब समेत थपिने देखिन्छ ।

यो समस्या नेपालको मात्र नभई मिस वर्ल्डको तयारीमा जुटेका सबै सदस्य मुलुकको हो । मिस वर्ल्ड समयमा नभए पनि मिस इन्टरनेसनल र मिस अर्थ भने समयमै हुँदैछन् । मिस इन्टरनेसनल यसै महिना सकियो भने मिस अर्थका लागि रेना मजगैया डिसेम्बरमा प्रस्थान गर्ने तयारीमा छिन् ।



मकवानपुरको बकैया गाउँपालिका वडा नम्बर-११ स्थित हेटौंडा-काठमाडौं जोड्ने कान्तिलोकपथ खण्डको शिरुडाँडामा सडक छोडेर दुर्घटनामा परेको ना. १ झ १७०२ नम्बरको सरकारी जीप । कान्तिलोकपथबाट हाल निजी तथा सरकारी सवारीसाधन धेरै गुड्ने गरेका छन् । दुर्घटना हुनसक्ने क्षेत्रमा पनि उच्चगति र असावधानीका कारण दुर्घटना बढिरहेको छ । *तस्बिर: साझाकुरा*

# १० दिनमा मेची-महाकाली साइकलयात्रा समापन

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ मेची-महाकाली साइकल यात्रामा सहभागी हेटौंडाका साइकलप्रेमी ११ जना र बुटवलका २ जना गरी १३ जनाले १० दिनमा मेची-महाकाली १०२८ किमिको दूरी पार गरेका छन् ।

समूहले कात्तिक ११ गते शनिबार झापाको सीमावती बजार मेचीनगरबाट सुरु गरेको साइकलयात्रा गत मंगलबार समापन गरी बुधबार हेटौंडा फर्केको हो । साइकलयात्रा टोलीमा सहभागीले उत्साहजनकरुपमा यात्रा सम्पन्न भएको जनाएका छन् । कात्तिक ११ गते शनिबार कोजाग्रत पूर्णिमाको दिन बिहान ८ बजे मेचीनगरस्थित नेपाल-भारत सीमानाकाको मेची पुलबाट साइकलयात्रा सुरु गरेको टोलीले १० दिनमा यात्रा सम्पन्न गरी ११ औं दिनको बिहान कञ्चनपुरको गठ्ठाचौकी भन्सार नाकामा पत्रकार सम्मेलन गरी यात्रा समापन भएको जनाएका थिए ।



साइकलयात्रामा सहभागी सदस्यमध्ये लक्ष्मीचरण श्रेष्ठ र भानुभक्त आचार्यले २५ वर्षको अन्तरालमा दोस्रो पटक मेची-महाकाली साइकल यात्रा गरेका छन् । स्वास्थ्य, पर्यावरण, पर्यटन र साइकल संस्कृति विकासको निम्ति साइकल भन्ने सकारात्मक सन्देश प्रवाह गर्दै हिमालयन राईडर्स सोसाइटी हेटौंडाको समन्वयमा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यको नेतृत्वमा यात्रा सुरु गरिएको थियो । सोसाइटीका उपाध्यक्ष राजु थापामगरका अनुसार यात्राअवधिमा बिभिन्न जिल्लाका साइकल साथीहरुले सहयोग गरेका थिए ।

आगामी दिनमा निर्माण गरिने सार्वजनिक यातायातका पूर्वाधारमा साइकल लेन, साइकल पार्किङ, अपाङ्गमैत्री लेन समावेश गर्न पनि सोसाइटीले आग्रह गरेको सोसाइटीका अध्यक्ष रामकुमार श्रेष्ठले बताए । साइकलयात्रामा एक जना महिलाको पनि सहभागिता रहेको थियो । हेटौंडा-४ की सीता श्रेष्ठले मेचीमहाकाली साइकलयात्रा सफलतापूर्वक सम्पन्न गर्ने मकवानपुरको पहिलो महिलाको रुपमा परिचय बनाएकी छिन् । ३५ वर्षदेखि ६५ वर्षसम्मका १३ जनाले साइकलयात्रा गरेका थिए ।

२०५४ माघ महिनामा सामान्य साइकलमा हेटौंडाका ११ जनाले मेचीमहाकाली यात्रा गरेका थिए । भिजिट नेपाल ९८ को अवसरमा हेटौंडाको सहीद स्मारकलगायतका पर्यटकीयस्थलको जानकारी दिनका लागि व्यक्तिगत खर्चमा उनीहरुले साइकलयात्रा गरेका थिए । ११ जनामध्ये २ जनाले पूर्वबाट हेटौंडासम्म साइकलयात्रा गरी बीचैमा यात्रा स्थगित गरेका थिए भने ९ जनाले १६ दिन लगाएर मेची-काली साइकलयात्रा पूरा गरेका थिए ।

२५ वर्षअघिको पूर्वपश्चिम राजमार्गको अवस्था र बर्तमान अवस्थामा निकै फरक आएको र अहिले गियरसहितको साइकल उपलब्ध भएका कारण १० दिनभित्र यात्रा सम्पन्न गर्न सकिएको उनीहरुले बताएका छन् । व्यक्तिगत खर्चमा उनीहरुले मेची-काली साइकलयात्रा गरेका हुन् । टोलीमा लक्ष्मीचरण श्रेष्ठ, भानुभक्त आचार्य, चेतनाथ आचार्य, बुद्धिबहादुर आलेमगर, राजु थापामगर, लेखनाथ ढकाल, सरोज लामिछाने, ओकिलराज बानियाँ, दुर्गाप्रसाद लामिछाने, सुशीलकुमार चौधरी (बुटवल), सुरज खत्री (बुटवल), विकास बानियाँ, सीता श्रेष्ठ रहेका थिए ।

# राक्सिराङबाट २१ बुँद्धे घोषणा पत्र जारी

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ राक्सिराङ गाउँपालिकामा वन तथा जैविक विविधता संरक्षण, वातावरण व्यवस्थापन एवम समुदाय सशक्तिकरण विषयमा २१ बुँद्धे घोषणा पत्र जारी भएको छ ।



राक्सिराङ गाउँपालिकाको आयोजना तथा डिभिजन वन कार्यालय राप्ति, राष्ट्रिय जनवकालत मञ्च नेपाल (नाफान) र सामुदायिक वन उपभोक्ता महासंघ राक्सिराङको सहकार्यमा वन उपभोक्ता समूह, नागरिक समाज तथा जनप्रतिनिधिहरुबीच सामुदायिक वन व्यवस्थापन सम्बन्धी २१ बुद्धे प्रतिबद्धता सहितको घोषणा पत्र जारी गरेको हो । कार्यक्रममा राष्ट्रिय जनवकालत मञ्च नेपाल (नाफान)का सह-सचिव चन्द्रप्रसाद थानीले वन तथा जैविक विविधता संरक्षण, वातावरण व्यवस्थापन तथा समुदाय सशक्तिकरण विषयमा कार्यपत्र प्रस्तुति गरेका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्लले वन ऐन नीति नियमअनुसार कानुनको पालन गर्नुपर्ने बताए ।

पालिकाभित्र दर्ता भएका वन समितिले आफ्नो कार्यहरु चुस्तदुरुस्त राख्नसमेत आग्रह गरे । 'हामी भू-उपयोग नीति लागु गर्दैछौं, यसमा वन समितिको साथ अनिवार्य चाहिन्छ, पर्यापर्यटनको प्रचुर सम्भावना रहेको स्थानको खोजी र विभिन्न आम्दानीको स्रोत खोजी गर्दै आयमूलक काममा स्थानीय सरकारको सधैं साथ सहयोग रहनेसमेत बताए । गाउँपालिका अध्यक्ष राजकुमार मल्लको अध्यक्षतामा भएको कार्यक्रममा डिभिजन वन कार्यालय राप्ति मनहरीका अधिकृत लोकराज नेपाल, सव डिभिजन वन कार्यालय राक्सिराङका दिनेश सत्याल, वडा नम्बर-३ का वडाध्यक्ष उत्तम वाइबा, ५ नम्बरका वडाध्यक्ष हरिबहादुर प्रजा, ६ नम्बर वडाध्यक्ष अक्कलबहादुर मोक्तान र ७ नम्बर वडाध्यक्ष राम बहादुर प्रजाको उपस्थिति थियो ।

# रातोमाटेबाट लागूऔषधसहित दुई नाबालक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ बागमती प्रदेश प्रहरी कार्यालयले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट लागूऔषधसहित दुई जना नाबालकलाई पक्राउ गरेको छ ।

प्रहरीले भारत गान्धिनगर-८ बस्ने १७ बर्षीय र वीरगञ्ज महानगरपालिका मेडिकल कलेज बस्ने १६ बर्षीय दुई नाबालकलाई पक्राउ गरेको हो । पूर्व-पश्चिम सडक खण्डअन्तर्गत् पथलैयाबाट हेटौंडातर्फ आउँदै गरेको भारतीय नम्बरको विआर ०६ एम ८५०७ नम्बरको मोटरसाइकलमा सवार दुई बालकलाई जाँच गर्दा लागूऔषध ४५ बोत्तल ओनरेक्स फेला परेको प्रहरीले जनाएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले पक्राउ परेका बालकलाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय मकवानपुरमा पठाएको थियो । हेटौंडामा लागूऔषध कारोबार निरन्तर बढ्दै गएको प्रहरी अनुसन्धानले देखाएको छ । लागूऔषध सेवन र ओसारपसारमा युवाहरु बढी प्रयोग भइरहेका छन् । लागूऔषधको दुर्व्यसनीमा फसेका युवाहरु पैसा कमाउने हुटहुटीले ओसारपसारमा लागेको देखिन्छ । हेटौंडामा लागूऔषध भारतीय सिमावर्ती सहर रक्सौलबाट आउने गरेको छ ।

# वडा अध्यक्षद्वारा सुत्केरीलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ जिल्लाको पूर्वी क्षेत्रस्थित बागमती गाउँपालिका-८ का वडाध्यक्ष इन्द्रमणि तिमल्सिनाले सुत्केरी महिलालाई पोषिलो आहार उपलब्ध गराएका छन् ।

पोषिलो आहारको अभावमा आमा र बच्चामा पर्ने स्वास्थ समस्यालाई मध्यनजर गर्दै तिमल्सिनाले सुत्केरी पोषण कार्यक्रम सुरु गरेका हुन् । वडा अध्यक्ष तिमल्सिनाले आफ्नो व्यक्तिगत खर्चमा सुत्केरीलाई पौष्टिक खानेकुरा सहयोग गर्दै आएका छन् । उनले सुत्केरीलाई लोकल कुखुरा, तोरीको तेल, विभिन्न मसलाहरु र साबुन सहयोग गर्ने गरेको बताए । तिमल्सिनाले वडा नम्बर-८ शान्तिपुरकी सुमिता घलानलाई पोसिलो खानेकुरा प्रदान गरे ।

हालसम्म वडा भित्रका ६ जना सुत्केरीलाई अध्यक्षले आफ्नै खर्चमा पौष्टिक आहार सहयोग गरेको अध्यक्ष तिमल्सिनाले बताए । आफूले गरेको सहयोगले केही राहत पुगेपनि बच्चा र आमाप्रति परिवारले गर्ने लगानीलाई अनावश्यक खर्च नभई लगानीको रुपमा लिनुपर्ने अध्यक्ष तिमल्सिनाले बताए ।

# राष्ट्रपतिद्वारा भूकम्पमा परी घाइते भएकाको उपचारमा ध्यान दिन आग्रह

साझाकुरा संवाददाता

काठमाडौं, २२ कात्तिक/ राष्ट्रपति रामचन्द्र पौडेलले जाजरकोट भूकम्पमा परी घाइते भएकाहरूको उपचारमा ध्यान दिन आग्रह गरेका छन् ।



राष्ट्रपति भवन शीतलनिवासमा आज स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतलाई भेटेर उनले राजधानीलगायत देशका विभिन्न अस्पतालमा उपचाररत् घाइतेहरूप्रति ध्यान दिन तथा प्रभावकारी उपचारको व्यवस्था गर्न आग्रह गरेको राष्ट्रपतिको निजी सचिवालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले घाइतेको उपचार प्रक्रियालाई सहज एवं प्रभावकारी बनाउन, उनीहरूको उपचारमा संवेदनशील बन्न सरकारको तर्फबाट हरसम्भव प्रयास हुनुपर्नेमा जोड दिएका थिए ।

जाडोयामको प्रारम्भ अन्य रोगको प्रकोप बढ्नसक्ने भएकाले त्यसतर्फ पनि चनाखो हुन राष्ट्रपतिले मन्त्री बस्नेतको ध्यानाकर्षण गराएका थिए ।

# दुग्ध कारोबार गर्ने संस्थासँग उपमहानगरको छलफल

साझाकुरा संवाददाता

हेटौंडा, २२ कात्तिक/ हेटौंडा उपमहानगरपालिकाले उपमहानगरभित्र रहेका दुग्ध कारोबार गर्ने सहकारी संघसंस्थासँग छलफल गरेको छ ।




उपमहानगरले सदस्य संस्थाहरुको अध्यक्ष व्यवस्थापकहरुसँग अन्तरक्रिया गर्दै दुग्धजन्य पदार्थको बिक्री वितरणमा देखिएको समस्या बारे बुझेको थियो । हेटौंडा उपमहानगरपालिकाले किसानहरुको समस्यामा सरोकारवालासँग सहकार्य गरी उपमहानगरभित्र रहेको दुग्ध सहकारी संस्थाहरुलाई चाँडो समस्या हल गर्दै जाने नगर उपप्रमुख राजेश बानियाँले प्रतिवद्धता जनाएका छन ।

बानियाँको अध्यक्षतामा भएको कार्यक्रममा हटौंडा-१६ का वडा अध्यक्ष रामकृष्ण कोइराला, १७ नम्बर वडा अध्यक्ष उद्धव सत्याल, हेटौंडा दुग्ध वितरक आयोजना प्रमुख नवीन शर्मा, हेटौंडा उपमहानगर पालिका आर्थिक विकास महाशाखा प्रमुख राज्यश्वरी शाही, सहकारी शाखा प्रमुख हिमप्रसाद पौडेल, बागमती प्रदेश दुग्ध विकास बोर्ड सदस्य बासुदेव अधिकारी, जिल्ला दुग्ध उत्पादक सहकारी संघ मकवानपुरका अध्यक्ष हरिप्रसाद कंडेललगायतको उपस्थिती थियो ।

## 'मामाघर'लाई डिम्डुङ परिवारको सहयोग

हेटौंडा, २२ कात्तिक/ पूर्वसडक बालबालिकाहरुको व्यवस्थापन गर्दै आइरहेको मामाघर नेपाललाई नगद र जिन्सी सहयोग उपलब्ध भएको छ ।

हेटौंडा-११, डाङडुङ्गेमा रहेको मामाघर नेपाललाई हेटौंडा-१ चौकिटोल घर भई हाल अमेरिका बस्दै आएका श्याम लामा डिम्डुङ र कृष्ण डिम्डुङले नगद र जिन्सी सहयोग गरेका हुन् । नेपालका सितोरियो करातेका खेलाडी डिम्डुङले सडक जीवनबाट संस्थागत जीवन बाँचिरहेका पूर्वसडक बालबालिकालाई सहयोग पुगोस् भन्ने उद्देश्यले नगद ३५ हजार पाँच रुपैयाँ र कपडा सेट १२ थान उपलब्ध गराएको मामाघर नेपालका संरक्षक अर्पण पराजुलीले जानकारी दिए । विगत १२ वर्षदेखि स्थापना भई पूर्वसडक बालबालिकाहरुको व्यवस्थापन गर्दै आइरहेको मामाघर नेपाल मकवानपुर स्थानीय दान, चन्दा, उपहार र सहयोगमा सञ्चालित छ ।

## सिस्नुपानी नेपालको देउसीभैलो कार्यक्रम

हेटौंडा, २२ कात्तिक/ हाँस्यव्यंग्य साहित्यमा सक्रिय सिस्नुपानी नेपाल मकवानपुरले जिल्लामा देउसीभैलो कार्यक्रम गर्ने भएको छ ।

सिस्नुपानी नेपालले विगतका वर्षदेखि तिहारमा देउसीभैलो कार्यक्रम गर्दै आएको थियो । कात्तिक २५ गते हाँस्यव्यंग्य देउसीभैलो कार्यक्रम हुने भएको हो । सिस्नुपानी नेपालकै शाखाको रुपमा रहेको सिस्नुपानी मकवानपुरले मकवानपुरका साहित्यकार र कलाकारहरुको सहयोगमा देउसीभैलो कार्यक्रम तेस्रो पटक आयोजना हुन लागेको मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेले जानकारी दिए । हाँस्यव्यंग्य देउसीभैलो कार्यक्रमको लागि रिहल्सनको काम भइरहेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**जय शिव शम्भो**

**धार्मिक यात्रामा जाने हो ?**

मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ



*(दर्शनीय स्थानहरु: राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोट: रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्क:**
**गोपाल थापा**
**हेटौंडा बसपार्क**
**९८४५२९७६८१**

## सफा हेटौंडा, स्वस्थ हेटौंडा

सूचना ! सूचना !! सूचना !!!

### आदरणीय सबै नगरबासीहरुमा जानकारीका लागि अनुरोध

उपर्युक्त सम्बन्धमा नेपालको संविधान भाग-३ मौलिक हकको धारा ३९ अन्तर्गत् बालबालिकाको हकको व्यवस्था भएको र 'स्थानीय सरकार संचालन ऐन, २०७४' र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यन्वयन गर्न गराउनका लागि हेटौंडा उपमहानगरपालिका तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरुले विवाह गरे गराएमा दुबै पक्ष कानूनबमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनका लागि हार्दिक अनुरोध गर्दछौं । साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्षमुनिका बालबालिकालाई कुनैपनि श्रममा नलगाउन, सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमितरुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । नगरभित्र माथि उल्लेखित कानूनविरुद्धका कार्यहरु भए वा गरे गराएमा कानूनबमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

*'बालमैत्री समाजको आधार: जिम्मेवार परिवार, उत्तरदायी सरकार'*

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना